मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

● वर्ष ३ ● अंक ३१३ ● २०८२ साल असोज २८ गते मंगलबार ● Tuesday 14, October 2025 ● सूर्योदय: बिहान ०६:०४ बजे ● सूर्यास्त: साँझ ५:३८ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## विवाहको सामान किन्ने पैसा प्रहरीले लुटेपछि....

**मधेशदृष्टि**
**सर्लाही।**
चन्द्रनगर गााउँपालिका वडा नं. ५ मोहनपुरका अपसाना खातुन बिचल्लीमा परेकी छिन्। छोरीको विवाहको लागि घरेलु सामान किन्न मलंगवास्थित कुमारी बैंकबाट सोमबार १२ बजे ५ लाख ४५ हजार रुपैयाँ झिकेर ब्रह्मपुरी गाउँपालिकाको त्रिभुवननगर प्रहरी चौकी नजिक ड्युटीमा रहेका प्रहरीले पैसा बलजफ्ती कब्जामा लिएपछि उनी समस्यमा परेकी हुन्। पैसा खाताबाट झिकेर आएको प्रमाण देखाउँदासमेत प्रहरीले पैसा नियन्त्रणमा लिएर जिल्ला भन्सार कार्यालयमा बुझाइदिएपछि समस्या भएको हो।

घटनापछि स्थानीयले प्रहरीविरूद्ध चर्को नाराबाजी गर्दै जिविस चोक मलंगवामा प्रदर्शन गरेका छन् । प्रहरीको ज्यादतीविरुद्ध आन्दोलन गर्नु पर्ने अवस्था बनेको पूर्वसांसद प्रमोद साहले बताए।

# लोसपाले साथ छाडेपछि मुख्यमन्त्री एक्लै



**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**
मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले प्रदेश सभाबाट विश्वासको मत लिने तयारी भइरहँदा उनी एक्लै परेका छन् । मंगलबार विश्वासको मत लिने तयारीमा रहँदा एक दिन पहिले सरकारको सहयात्री लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) ले समेत सरकारलाई दिएको समर्थन फिर्ता लिँदै सरकारबाट बाहिरिने निर्णय गरेको छ ।

पार्टीले सभामुख रामचन्द्र मण्डललाई सरकारलाई दिएको समर्थन फिर्ता लिएको र विपक्षमा बस्ने निर्णय भएको जानकारी गराएको छ । पार्टीका संसदीय दलका नेता जयनुल राईनले सभामुखलाई पत्र पठाएका छन । पार्टीले पत्र पठाएसँगै मुख्यमन्त्री सिंहका पक्षमा अब उनी आफैँ मात्रै छन् ।

अब उनका पक्षमा एउटा पनि दलको समर्थन छैन र उनका पक्षमा उनी एक्लै छन् । उनी प्रतिनिधित्व गर्ने दल जनमत पार्टीसहित नेपाली कांग्रेस र नेकपा एमालेले यसअघि नै सरकारलाई दिएको समर्थन फिर्ता लिएको थियो ।

मुख्यमन्त्री सिंहले मंगलबार दिउँसो १ बजे नेपालको संविधानको धारा १८८ को उपधारा (२) बमोजिम विश्वासको मत लिन लागेका हुन् । उनले प्रदेशसभा कार्यसञ्चालन नियमावली, २०७५ को नियम १४३ को उपनियम (४) बमोजिम व्यक्तव्यसहित प्रस्ताव पेश गर्ने कार्यसूची रहेको मधेश प्रदेशसभा सचिवालयले जनाएको छ । कार्य व्यवस्था परामर्श समितिको बसेको बैठकले कार्य सूची तय गरेको छ । विश्वासको मत लिने क्रममा मत विभाजनको अवस्था नआएको खण्डमा के गर्ने लगायतको विषयमा दलहरुसँग छलफल गरेका छन् ।

१ सय ७ सदस्यीय मधेश प्रदेशसभामा हाल १ सय ५ जना सांसद छन् ।



मुख्यमन्त्री सिंहसँग उनको आफ्नो दल जनमत पार्टीले समेत समर्थन फिर्ता लिइसकेको छ । यसअघि एक महिनापूर्व मुख्यमन्त्री सिंहलाई पार्टीले मुख्यमन्त्रीबाट फिर्ता बोलाउदै सरकारलाई दिएको समर्थन फिर्ता लिएको थियो ।

मधेश प्रदेशमा नेकपा एमालेका २५ (एक निलम्बित), नेपाली कांग्रेसका २२, जनता समाजवादी पार्टी, नेपालका १९, जनमत पार्टीका १३, माओवादी केन्द्रका ९, लोकतान्त्रिक समाजवादी पार्टी, नेपालका ९ (एक निलम्बित), नेकपा एकीकृत समाजवादी पार्टीका ७ तथा राप्रपा, नागरिक उन्मुक्ति पार्टी र संघीय समाजवादी पार्टीका १–१ जना प्रदेशसभा सदस्य छन् ।

अहिलेको राजनीतिक परिदृष्यमा परिवर्तन नआएको खण्डमा अब नेपाली कांग्रेसको नेतृत्वमा मधेशमा सरकार बन्ने सम्भावना छ ।

### आज प्रदेश सभा बैठक

मधेश प्रदेश सभाको बैठक आज असोज २८ गते मंगलबार दिउँसो १ बजेका लागि बोलाइएको छ । मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले विश्वासको मत लिनुपर्ने भएकाले मङ्गलबार दिउँसो १ बजेका लागि बैठक बोलाइएको प्रदेश सभा सचिवालयका सचिव वासु प्रसाद कोइरालाले जारी गरेको सूचनामा उल्लेख छ । नेपालको संविधान २०७२ को धारा १८८ को उपधारा (२) तथा प्रदेश सभा कार्य सञ्चालन नियमावली २०७५ को नियम १४३ को (४) बमोजिम मुख्यमन्त्रीले विश्वासको मत लिने भएकाले सबै प्रदेश सभा सदस्यहरूको जानकारीका लागि सूचना जारी गरिएको सचिव कोइरालाले सूचनामा उल्लेख गरेका छन् ।

मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहलाई दिएको विश्वासका मत उनकै पार्टी जनमत पार्टी, नेकपा एमाले तथा नेपाली काँग्रेसले फिर्ता लिएपछि मुख्यमन्त्रीले असोज २८ गते प्रदेश सभाबाट विश्वासका मत लिन लागेका हुनु । बहुमतका लागि मधेश प्रदेश सभामा हाल कायम रहेको १ सय ५ मध्ये ५३ सदस्यको समर्थन आवश्यक पर्छ ।

## शिक्षामन्त्रीको राजीनामा



मधेश प्रदेश सरकारमा रहेकी एक मात्र मन्त्री शिक्षा तथा संस्कृति मन्त्री रानीकुमारी तिवारीले पदबाट राजीनामा दिएकी छिन् । मन्त्री तिवारीले सोमबार राजीनामा दिएकी हुन् । नेपाली कांग्रेस, नेकपा एमाले, जनमत पार्टी र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)को संयुक्त सरकारमा सहभागी तिवारीले मुख्यमन्त्री सतिश कुमार सिंहलाई राजीनामा पत्र बुझाउँदै सोमबारदेखि लागू हुनेगरी पदत्याग गरेको उल्लेख गरिन् । मुख्यमन्त्री सिंहले भोलि (मंगलबार) प्रदेश सभामा विश्वासको मत लिने तयारी गरिरहेका बेला मन्त्री तिवारीले राजीनामा दिएकी हुन् । लोसपा नेपालबाट प्रतिनिधित्व गर्ने तिवारीले राजीनामाको कारण सार्वजनिक गरेकी छैनन् ।

## सुन पसलमा छापामारी व्यवसायीद्वारा नाराबाजी



**मधेशदृष्टि**
**वीरगंज ।**
राजस्व अनुसन्धान कार्यालय, पथलैया, बाराले वीरगंज महानगरपालिका–९, गीता मन्दिर रोडमा सुनचाँदी व्यवसायीको घरमा सोमबार बिहान छापा मारेको छ । वीरगंज–८ स्थित अभिषेक ज्वेलर्सका सञ्चालक अभिषेक सर्राफको घरमा राजस्व चुहावटको सूचनाका आधारमा खानतलासी भएको हो । खानतलासी राति अबेरसम्म चलिरहेको छ । राजस्वले सर्राफको घरबाट भारीमात्रामा सुनचाँदीका गहना नियन्त्रणमा लिएको । सर्राफको परिवारका निजी गहनासमेत नियन्त्रणमा लिएको छ । राजस्व अनुसन्धान कार्यालयका प्रमुख अनुसन्धान अधिकृत हरि प्रसाद शर्माका अनुसार, सर्राफले राजस्व चुहावट गरेको सूचनाका आधारमा उनको घर, कारोबार स्थल र गोदाममा खानतलासी गरिएको हो । राजस्वले कारोबारसँग सम्बन्धित कागजात, खाता, विद्युतीय माध्यम र अन्य प्रमाण नियन्त्रणमा लिएको छ । राजस्वले सर्राफलाई दिएको पत्रमा भनिएको छ, 'राजस्व चुहावट भएको भन्ने सूचनाको आधारमा यो खानतलासी गरिएको हो । राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ बमोजिम कारोबारसँग सम्बन्धित कागजात, मालसामान तथा अन्य प्रमाणहरू कब्जामा लिन र आवश्यकताअनुसार शीलछाप गर्न टोलीलाई सहयोग गर्न अनुरोध छ ।' छापामारीका लागि प्रहरी र सशस्त्र प्रहरीको बाक्लो उपस्थिति थियो ।

यो घटनाको सुनचाँदी व्यवसायीले भने विरोधसहित नाराबाजी गरेका थिए । सुनचाँदी व्यवसायी संघका अध्यक्ष भुलन सर्राफले राजस्व अनुसन्धान कार्यालयले व्यवसायीलाई अनावश्यक दुःख दिएको आरोप लगाए । 'सर्वसाधारणले धितोमा सुन राखेर कर्जा लिएको हुनसक्छ, अन्य कारोबार हुनसक्छ,' उनले भने, 'चाडपर्वका बेला राजस्वको यस्तो कारबाहीले व्यवसायी हतोत्साही हुन्छन्, घरमा सामग्री राख्दैमा अनुसन्धान गर्नु अनुपयुक्त हो ।' यो घटनाले वीरगंजको सुन बजारमा ठूलो तरङ्ग ल्याएको छ ।

## डुबेर तीन बालिकाको मृत्यु



**राकेश यादव**
**रौतहट ।**
सोमबार बिहान पानी भरिएको खाल्डोमा डुबेर तीन बालिकाको मृत्यु भएको छ । राजदेवी नगरपालिका–८ लक्ष्मीपुरका तीन बालिकाको पानीको एउटै खाल्टोमा परेर मृत्यु भएको हो ।

मृत्यु हुनेमा राजदेवी नपा–८ लक्ष्मीपुर टोलका इन्दल बैठाका १३ वर्षीया छोरी आस्थाकुमारी बैठा, सोही गाउँका नवल यादवका १५ वर्षीया छोरी राघनीकुमारी यादव र रुपा बैठाको १५ वर्षीया छोरी मौसमीकुमारी बैठा रहेको जिल्ला प्रहरी कार्यालय रौतहटका निमित्त सूचना अधिकारी तथा प्रहरी निरीक्षक रामकुमार महतोले जानकारी दिए ।

घाँस काट्न लक्ष्मीपुरबाट गौर नगरपालिका–१ कानुपट्टिस्थित भित्री सडक खण्डमा बाटोमा नजिकै रहेको पानीको खाल्टो तर्ने क्रममा डुबेर मुत्यु भएको प्रहरी निरीक्षक महतोले जानकारी दिए । सोमबार बिहानै एउटै टोलका सात जना बालिका घाँस काट्न गएका थिए । जसमध्ये चार जना सकुशल पानीको खाल्डो तरेको र बाँकी तीन जना बेपत्ता भएको प्रहरी निरीक्षक महतोले जानकारी दिए ।

सकुशल उद्धार हुनेमा सोही लक्ष्मीपुर गाउँकी उमेश रामको १५ वर्षीया छोरी मुस्कानकुमारी राम, बिपत बैठाको छोरी १३ वर्षीया मुस्कानकुमारी बैठा, दिनेश रामको छोरी १० वर्षीया चन्द्रमुखीकुमारी राम र जोधन बैठाको १५ वर्षीया छोरी सुनिताकुमारी बैठा छन् ।

बालिकाहरू पोखरीमा डुबेर बेपत्ता भएपछि भन्सार सुरक्षा गार्ड प्रहरी सहायक निरीक्षक गोपाल सहनी गोढीको नेतृत्वमा ६ जना, जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी नायब निरीक्षक तुलप्रसाद पुडासैनीको नेतृत्वमा ७ जना, सशस्त्र प्रहरी निरीक्षक भुवन घिमिरेको नेतृत्वमा ११ जना र वीर दल गण पुरेनवा ब्यारेकबाट मेजरको नेतृत्वमा १९ जनाको टोलीले बेपत्ता बालिकाको उद्धार गरेको उनले बताए ।

उद्धारपछि बालिकाको उपचारका लागि प्रादेशिक अस्पताल गौर लगिएको र उपचारका क्रममा चिकित्सकहरूले परीक्षण गर्दा तीनैजना बालिकाकलाई मृत घोषणा गरेको महतोले जानकारी दिए ।

केही दिन अगाडि पनि रौतहटको देवाही गुनाही नगरपालिकाको कर्कच कर्मैया गाउँमा दुई जना बालिकाको पोखरीमा डुबेर मृत्यु भएको थियो ।

# फोहोर व्यवस्थापन गर्ने चार करोडको प्लान्ट बन्ने

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाले फोहोरमैला व्यवस्थापनलाई दिगो, वैज्ञानिक र वातावरणमैत्री बनाउन ऐतिहासिक कदम चालेको छ । सोमबार वीरगंज महानगरपालिका कार्यालय, जिरो वेस्ट इनिसिएटिभ नेपाल र सूर्या नेपालबीच करिब चार करोड रुपैयाँको लगानीमा सञ्चालन हुने फोहोरमैला व्यवस्थापन तथा वातावरण संरक्षणसम्बन्धी त्रिपक्षीय सम्झौता सम्पन्न भएको हो ।

सम्झौता अनुसार, महानगरको फोहोर व्यवस्थापन केन्द्र (डम्पिङ साइट) मा पूर्णरूपमा निजी लगानीमा फोहोर प्रशोधन प्लान्ट निर्माण गरिनेछ । निर्माण कार्य सम्पन्न भएपछि प्लान्ट वीरगंज महानगरपालिकालाई हस्तान्तरण गरिनेछ । सम्झौतामा महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अरविन्द लाल कर्ण, सूर्या नेपालका उद्योग प्रमुख सुरेश काजी श्रेष्ठ र जिरो वेस्ट इनिसिएटिभ नेपालका प्रतिनिधिले हस्ताक्षर गरेका छन् ।

सम्झौतापश्चात् प्रतिक्रिया दिँदै वीरगंज महानगर प्रमुख राजेशमान सिंहले भने, 'वीरगंजलाई फोहोरमुक्त र हरित शहर बनाउने हाम्रो दीर्घकालीन लक्ष्य हो । यो परियोजनाले प्लास्टिकजन्य फोहोर व्यवस्थापनमा नयाँ युगको सुरुवात गर्नेछ । अब फोहोरलाई समस्या होइन, स्रोतका रूपमा उपयोग गर्ने दिशामा महानगर अघि बढ्दैछ ।'

महानगरले विगतदेखि नै फोहोर व्यवस्थापनलाई प्राथमिकतामा राख्दै आएको छ । हाल शहरका सडक, चोक र सार्वजनिक स्थलहरू सफा राख्न सफल भएको छ । यही अभियानलाई थप सशक्त बनाउन डम्पिङ साइटमा निर्माण हुन लागेको नयाँ फोहोर प्रशोधन प्लान्टले शहरभरिबाट संकलित फोहोरबाट प्लास्टिक छुट्याएर पुनःप्रयोगमा ल्याउने र जैविक फोहोरबाट मल उत्पादन गर्ने व्यवस्था मिलाइनेछ । महानगरका अनुसार, यो सम्झौताले फोहोर व्यवस्थापन प्रणालीमा ऐतिहासिक फड्को मार्ने, प्लास्टिकजन्य फोहोर नियन्त्रणमा सुधार ल्याउने र वातावरण संरक्षणमा स्थायी योगदान पुऱ्याउनेछ ।

सूर्या नेपालका उद्योग प्रमुख सुरेश काजी महर्जनले भने, 'यो परियोजना सम्पन्न भएपछि वीरगंज 'फोहोरमुक्त, स्वच्छ र हरित शहर' बन्ने दिशामा ठोस र दीर्घकालीन कदम अघि बढ्नेछ । हाम्रो उद्योगले सामाजिक उत्तरदायित्व अन्तर्गत यो लगानी गरेको हो । नाफामुखी व्यापारसँगै हामी समाज र वातावरण दुवैप्रति उत्तरदायी रहन चाहन्छौँ ।'

# पुनर्निमाण गर्न २५ प्रतिशत बजेट कटौती गरिने

**विराटनगर ।**
कोशी प्रदेश सरकारले चालु आर्थिक वर्षको बजेटमा २५ प्रतिशत कटौती गर्ने निर्णय गरेको छ । कोशी प्रदेश सरकारको आज बसेको मन्त्रिपरिषद् बैठकले २५ प्रतिशत बजेट कटौती गर्ने निर्णय गरेको हो ।

कोशी प्रदेश सरकारका आन्तरिक मामिला तथा कानुनमन्त्री रेवतीरमण भण्डारीले २५ प्रतिशत बजेट कार्यान्वयनमा नल्याउने गरी रोक्का गर्ने निर्णय गरिएको बताए ।

गत भदौ २३ र २४ गते भएको जेनजी प्रदर्शनका बेला भएको तोडफोड र आगजनीबाट क्षतिग्रस्त कार्यालयको र केही दिनअघि आएको बाढीपहिरोले भएको क्षतिको पुनर्निर्माणका लागि खर्च गर्न ती बजेट कटौती गर्ने निर्णय गरिएको मन्त्री भण्डारीले जानकारी दिए ।

त्यसैगरी बैठकले भौतिक पूर्वाधार विकास मन्त्रालयको सचिवमा मिलन आचार्य र पर्यटन, वन तथा वातावरण मन्त्रालयको सचिवमा प्रदेशका एघारौँ तहका इन्द्र सापकोटालाई खटाएको छ भने विपद् पछिको पुनर्निर्माणमा मात्रै खर्च गर्नेगरी रकमान्तरलाई खुला गर्ने भएको छ ।रासस

# सुरक्षित स्थान पहिचान नहुँदा बस्ती जोखिममा: मन्त्री

**काठमाडौँ ।**
ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र शहरी विकासमन्त्री कुलमान घिसिङले भौगोलिक जोखिम र सुरक्षित स्थान पहिचान गरेर बस्ती बसाउन नसक्दा हरेक वर्ष विपद्बाट जनधनको क्षति हुने गरेको बताएका छन् ।

विश्व बसोबास दिवसको अवसरमा शहरी विकास तथा भवन निर्माण विभाग र संयुक्त राष्ट्रसङ्घीय मानव बसोबास कार्यक्रमले सोमवार यहाँ आयोजना गरेको कार्यक्रममा उहाँले मानिसको सामाजिक, वातावरण र आर्थिक पक्ष जोड्न नसक्दा एकीकृत बस्ती कार्यक्रम पनि सफल हुन नसकेको बताए ।

'देशका केही ठाउँमा एकीकृत बस्ती निर्माण गर्‍यौँ, तर समुदायलाई सामाजिक, वातावरण र आर्थिक पक्षसँग जोड्न नसक्दा ती बस्ती खाली हुन थाले । ग्रामीण र शहरी क्षेत्रका अव्यवस्थित बस्तीलाई सुरक्षित एवं व्यवस्थित बनाउनु अहिलेको सबैभन्दा ठूलो चुनौती हो,' मन्त्री घिसिङले भने, 'मनसुनजन्य विपद्बाट बच्न पूर्वसूचना प्रवाह गर्दागर्दै पनि भौगोलिक रूपमा जोखिमयुक्त स्थानको 'म्यापिङ' गरी सुरक्षित स्थानमा स्थानान्तरण गर्न नसक्दा हरेक वर्ष ठूलो जनधनको क्षति हुने गरेको छ । अब यसमा गम्भीर बन्नुपर्ने आवश्यकता छ ।'

उनले सहर विकासको गुरुयोजना तयारी गरी कुनै एउटा सहरलाई नमूनाका रूपमा विकास गर्ने र सोहीअनुसार पूर्वाधार संरचना निर्माण गरी अन्य सहर विकासमा अनुशरण गर्न सकिने उल्लेख गरे ।

'जग्गा खण्डीकरण गरी सहर विकास गरिने अभ्यास रहेको छ, अब यसलाई अन्त्य गर्न सहर विकासको एकीकृत गुरुयोजना तयार गरी अगाडि बढ्नुपर्नेछ,' मन्त्री घिसिङले भने, 'नदी किनार सुन्दर नभइकन शहरी सौन्दर्य कायम हुन सक्दैन, त्यसैले काठमाडौँ उपत्यकाका नदी करिडोर किनारमा रहेका बस्तीको व्यवस्थापन आवश्यक छ ।'

उनले ग्रामीण क्षेत्रमा सडक, बिजुली, टेलिफोन, खानेपानीलगायतका पूर्वाधार पुगे पनि बस्ती भने घट्दै गएकामा चिन्ता व्यक्त गरे ।

यसैगरी मन्त्री घिसिङले आफूले सम्हालेका मन्त्रालय र मातहतका निकायमा हुने भ्रष्टाचार, अनियमिता र ढिलासुस्तीमा शून्य सहशीलताको अपनाइने बताए । सोही नीतिअनुसार कोही अनियमिततामा संलग्न भएको पाइए तत्काल कारबाही गरिने उनको भनाइ थियो ।

मन्त्री घिसिङले ठूला सहर विकास गर्नुपर्ने काममा केन्द्रित हुने शहरी विकास मन्त्रालय आफ्नो कार्यक्षेत्रभन्दा बाहिर गएर टुक्रे योजनामा लाग्न नहुनेमा जोड दिए ।रासस

# मन्त्रालयले जेन्जी आन्दोलनका घाइतेको वर्गीकरण गर्ने

**काठमाडौँ ।**
स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जेन्जी आन्दोलनमा घाइते भएककाहरुको वर्गीकरण गर्नेभएका छन् ।

भदौ २३ र २४ गते जेन्जी आन्दोलनमा घाइते भएका व्यक्तिहरुको वर्गीकरण गर्नका लागि स्वास्थ्य मन्त्रालयका गुणस्तर मापन तथा नियमन महाशाखा प्रमुख डा सरोज शर्माको संयोजकत्वमा प्राविधिक समिति गठन गरिएको छ । टोलीमा विभिन्न विज्ञ १० जनालाई समितिको सदस्यमा समावेश गरिएको छ ।

घाइतेहरुको वर्गीकरणको मापदण्ड बनाउने कार्य सुरु गरिएको संयोजक डा शर्माले जानकारी दिए ।

उनले भने 'विशेषज्ञको टोलीसहित हामीले अधययन गरिरहेका छौँ । चोटपटक सामान्य, मध्यम वा गम्भीर भनेर ग्रेडिङ गर्ने काम भइरहेको छ ।'

स्वास्थ्य मन्त्रालयको तथ्याङ्कअनुसार हालसम्म अस्पतालमा उपचारका लागि भर्ना भएका घाइतेको संख्या दुई हजार ३१६ जना रहेको छ । रासस

# पाँच सय १२ खेलाडीको नाम दर्ता

**काठमाडौँ ।**
नेपाल कबड्डी लिग (एनकेएल)को दोस्रो संस्करणका लागि ५१२ स्वदेशी खेलाडीको नाम दर्ता भएको आयोजक एस्ट्रोनिक्स म्यानेजमेन्टका प्रमुख अमितकुमार बेगानीले जानकारी दिएका छन् ।

प्रतियोगिताको पहिलो संस्करणमा २७८ नेपाली खेलाडी एनकेएलमा दर्ता भएका थिए । दोस्रो संस्करणमा बाग्मती प्रदेशबाट सबैभन्दा बढी १५५ खेलाडीको नाम दर्ता गरिएको छ । त्यस्तै, सुदूरपश्चिमका १०३, लुम्बिनीबाट ९८, मधेसबाट ७०, कोशीबाट ३५, कर्णालीबाट २७ र गण्डकी प्रदेशबाट २४ जना खेलाडी छन् ।

पहिलो संस्करणमा छ सहरका छ टोलीले एनकेएलमा प्रतिस्पर्धा गर्न ड्राफ्टमार्फत ८४ खेलाडी लिएका थिए । जसमा ६६ जना नेपाली खेलाडी थिए ।

'प्रतियोगितामा विदेशी खेलाडी पनि आकर्षण छ, दोस्रो संस्करणको 'ड्राफ्ट'मा ४० देखि ५० जना विदेशी खेलाडी लिनेछौँ,' प्रमुख बेगानीले भने ।

पहिलो संस्करणमा थाइल्यान्ड, बङ्गलादेश, श्रीलङ्का र केन्याका १८ खेलाडीले एनकेएलमा सहभागिता जनाएका थिए ।

प्रतियोगितामा विराटनगर ब्यान्डिट्स, जनकपुर नाइट्स, काठमाडौँ माभरिक्स, पोखरा लेकर्स, बुटवलको हिमालयन रेइडर्स र धनगढी वाइल्डक्याट्सले सहभागी जनाएका थिए ।

राष्ट्रिय खेलकुद परिषद्को त्रिपुरेश्वरस्थित कभर्डहलमा आयोजित पहिलो संस्करणको फाइनलमा जनकपुरले काठमाडौँलाई ४३–४१ ले पराजित गर्दै उपाधि जितेको थियो । दोस्रो संस्करणको मिति चाँडै सार्वजनिक हुने आयोजकले जनाएको छ ।रासस

# आर्थिक सशक्तीकरण कार्यक्रम सञ्चालन गरिने

**विराटनगर ।**
लैंगिक हिंसा प्रभावितका लागि विराटनगर महानगरले आर्थिक सशक्तीकरण कार्यक्रम सञ्चालन गर्ने भएको छ ।

संयुक्त राष्ट्र सङ्घीय जनसंख्या कोष (युएनएफपीए)को आर्थिक सहयोगमा सो कार्यक्रम सञ्चालन गर्न लागिएको हो । लैङ्गिक हिंसा प्रभावितलाई आयआर्जन, रोजगारीमा पहुँच, आत्मसम्मानमा वृद्धि गरी हिंसाको चक्रबाट बाहिर निकाली सम्मानजनक जीवन जिउन सहयोग गर्ने कार्यक्रमको उद्देश्य छ ।कार्यक्रमले उनीहरूको निर्णय क्षमतामा वृद्धि, शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षामा पहुँच भई पुनः हिंसाको जोखिम न्यूनीकरण हुने युएनएफपीएका प्रतिनिधि सरोज भुसालले जानकारी दिए ।रासस

# जोशीको अवस्था अज्ञात: परराष्ट्र

**काठमाडौँ ।**
विगत दुई वर्षदेखि हमास समूहको कब्जामा रहेका नेपाली विद्यार्थी विपिन जोशीको अवस्था अज्ञात रहेको परराष्ट्र मन्त्रालयले जनाएको छ ।

यस सम्बन्धमा सोमवार बिहान इजरायलको स्थानीय समयानुसार ७:३० बजे इजरायली सेना (आइडिएफ)ले इजरायलका लागि नेपाली राजदूत, निज जोशीका दाजु, आमा, बहिनी, इजरायली परराष्ट्र मन्त्रालय र इजरायली प्रधानमन्त्री कार्यालयका अधिकारीसहितको भर्चुअल बैठक गरेको थियो ।

बैठकमा इजरायली सेनाले आज रिहा हुने बन्दीमा जोशीको नाम समावेश नभएको र उनको अवस्था अज्ञात रहेको जानकारी दिएको मन्त्रालयले आज जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

इजरायल र हमासबीच ७ अक्टोबर २०२३ देखि शुरु भएको द्वन्द्व अन्त्यका लागि प्रस्तावित 'मध्यपूर्व शान्ति योजना' को प्रथम चरणअन्तर्गत आज बन्दी आदानप्रदान गरिएको हो । उल्लिखित मितिदेखि नै हमासको कब्जामा रहेका इजरायलको 'सिक्दै र कमाउँदै' कार्यक्रममा सहभागी नेपाली विद्यार्थी जोशी पनि हमासले रिहा गर्ने बन्दीहरूको सूचीमा रहने अपेक्षा गरिएको थियो ।

यस सन्दर्भमा निजको सकुशल रिहाइका लागि नेपाल सरकारले विगत दुई वर्षदेखि विभिन्न तहबाट कूटनीतिक प्रयास गरेको थियो ।

हमासको कब्जामा रहेका सबै जीवित बन्दीको रिहाइ र मृतक बन्दीको शव हस्तान्तरण प्रक्रिया पूरा नभएसम्म मन्त्रालयले यस विषयमा निरन्तर जानकारी अद्यावधिक गर्ने जनाएको छ ।

# पेस्तोल बोक्रे तेन्जेन दावालाई ६ दिन म्याद थप

**काठमाडौँ ।**
'टिओबी' लेखिएको टिसर्ट लगाएर नक्कली पेस्तोल बोकेका तेन्जेन दावामाथि अनुसन्धानका लागि म्याद थप गरिएको छ । जिल्ला प्रशासन कार्यालय काठमाडौंले उनलाई अभद्र व्यवहार सम्बन्धी कसूरमा ६ दिनको म्याद थप गरेको हो ।

जिल्ला प्रहरी परिसर काठमाडौंका एक अधिकृतका अनुसार, जेनजी प्रदर्शनको क्रममा 'फ्रि–तिब्बत' समर्थक समूह टिओबी (त्इद्य) को टिसर्ट लगाएर पेस्तोल बोकेका दावाको घरबाट प्रहरीले नक्कली पेस्तोल समेत बरामद गरेको थियो । प्रहरीले घटनाबारे थप अनुसन्धान जारी राखेको जनाएको छ ।






# माटो र बाँसका सामग्रीको बिक्री बढ्दो



**माटाको भाँडा खरिद बिक्रीः** तिहार पर्व नजिकिँएसँगै जनकपुरधामस्थित बजारमा माटोको भाँडा खरिद बिक्री । तस्बिरः निरञ्जनकुमार साह/रासस

**जनकपुरधाम ।**
हिन्दूहरुको महान् पर्व दीपावली तथा छठ पर्व नजिकिएसँगै जनकपुरधाम सहित तराई मधेशका बजारमा माटाको भाडा वर्तन सहित बाँसले बनेका सामानहरूको अत्यधिक बिक्री हुन थालेको छ ।

माटाका भाडा वर्तन बनाउने कुमाल (कुम्हाल) तथा बाँसको सामानहरू बनाउने डोम सहितका अन्य जातिलाई ती सामानहरूको उत्पादन गर्नका लागि भ्याई नभ्याइको अवस्था रहेको छ । खास गरेर दीपावलीमा प्रयोग हुने माटाका दियो तथा कलश निर्माणका लागि दिनरात उत्पादनमा कुमाल जाति लागेका छन् ।

दीपावलीदेखि छठ पर्वसम्म नै माटाका भाडा वर्तनको अत्यधिक माग हुने गरेको छ । खास गरेर दीपावलीमा झिलिमिली बत्तीका कारणले दियो तथा टुक्कीको मागमा कमी आए पनि शुद्धता तथा पवित्रताको महापर्व छठमा अनिवार्य रुपमा नै माटाका घडा वर्तनको अत्यधिक प्रयोग हुने गरेकाले त्यसको उत्पादनका लागि दिनरात लागेको जनकपुरधाम वडा नं. १६ कपिलेश्वरका विश्देश्वर कुम्हारले जनाएका छन् । यसै समयमा नै कम्तीमा आधा वर्षको घर व्यवहार चलाउनका लागि यस अवधिमा कमाई हुने गरेको उनले बताए ।

दीपावलीदेखि छठसम्म अत्यधिक माग हुने माटोको दियो, कलश, घैंटा, कुरुवा, कुरुवार, ढक्कन, पातिल, हात्तीको उत्पादनमा यो जाति लागिपरेका छन् । तर उनीहरूले पछिल्लो केही वर्ष यता पित्तल तथा तामाको वर्तनको प्रयोग बढ्दै गएका कारणले आफूहरूको पेशा तथा व्यवसाय नै सङ्कटमा पर्ने त होइन भन्नेमा सशङ्कित रहेका छन् । यसैगरी, छठमा प्रयोग हुने अर्को महत्वपूर्ण सामाग्रीको रुपमा रहेको बासका समानहरूको बिक्री वितरण अत्यधिक मात्रामा हुने गरेको छ । छठमा बाँसले बनेको छैटी, टपरी, डगरी, नाङ्लो, सुपा, मौनीको अत्यधिक माग हुने गरेको छ । यसको माग अत्यधिक मात्रामा बढेकाले डुम जातिलाई उत्पादन गर्नमा भ्याई–नभ्याईको अवस्था रहेको छ । छठमा यसको बिक्रीबाट निकै राम्रो आम्दानी गर्ने गरेको उनीहरूले बताएका छन् । गाउँ घरमा पाईने बाँस खेर गइरहेको वेलामा यसको प्रयोग गरेर ती सामानहरूको उत्पादन हुने गरेको छ । बाँसको सामान बिक्री गरेर वर्ष ४–५ महिनाको घर व्यवहार चलाउनमा सहयोग पुग्ने गरेको यस समुदायका अगुवाहरूले जनाएका छन् ।

# कैदीबन्दी लुकाउनेलाई कानून बमोजिम कारबाही

**महोत्तरी ।**
जेन्जीको आन्दोलनको मौका छोपी गत भदौ २४ गते महोत्तरी जिल्लाको जलेश्वर कारागारबाट भागेका कैदीबन्दीलाई लुकाउने वा आश्रय दिने व्यक्तिलाई कानून बमोजिम कारबाही गरिने भएको छ ।

कारागार कार्यालय जलेश्वरले एक सूचना जारी गर्दै कारागारबाट भागेका सबै ५ सय ७६ कैदीबन्दीलाई यही असोज २० गतेसम्म फर्कि आउन अनुरोध गरेकामा नौ भारतीयसहित २ सय ८१ जना फर्केर आइसकेका तथा अझै २ सय ९५ कैदीबन्दी आउन बाँकी रहेको जनाएको छ । कारागारका जेलर अशोक क्षेत्रीले तोकिएको अवधीभित्र फर्कि नआउने फरार कैदीबन्दी उपर कारागार ऐन २०७९ र नेपालको प्रचलित कानून बमोजिम कारबाही हुने बताए ।

कैदीबन्दीलाई लुकाउने, छिपाउने वा आश्रय दिने व्यक्तिलाई कसुरदार ठानी प्रचलित कानून बमोजिम कारबाही कारागारद्वारा जारी सूचनामा उल्लेख छ । भदौ २४ गते राति जलेश्वर कारागारमा रहेका ४० भारतीयसहित ५ सय ७६ कैदीबन्दी फरार भएका थिए । जलेश्वर कारागारबाट भागेकामध्ये १३ कैदीबन्दीलाई भारततर्फ भाग्दै गरेको अवस्थामा भारतीय प्रहरीले पक्राउ गरी पुनःकारागार फर्काउन मद्दत गरेका थिए ।

# महिलाको नाममा ३६३ घरेलु उद्योग

**वीरगंज ।**
सरकारले महिला उद्यमीको स्वामित्वमा नयाँ घरेलु तथा साना उद्योग दर्ता गर्दा ३५ प्रतिशत छुट दिने प्रावधानले यहाँका महिला उद्यमशीलतातर्फ आकर्षण बढिरहेको छ । घरेलु तथा साना उद्योग कार्यालय वीरगंजका अनुसार पछिल्ला वर्षमा महिला उद्यमी सञ्चालक भएर नयाँ उद्योग स्थापना गर्ने क्रम ह्वात्तै बढ्दै आइरहेको छ ।

घरेलु तथा साना उद्योग कार्यालय वीरगंजका प्रमुख उद्योग अधिकृत पवन पञ्जियारले गत आर्थिक वर्षमा नौ सय ६३ वटा नयाँ उद्योग दर्ता भएकामध्ये महिला उद्यमी सञ्चालक भएको उद्योगको संख्या भने तीन सय ६३ रहेको जानकारी दिए ।

'विगतमा यहाँका महिला आफ्नो नाममा उद्योग खोल्ने र सञ्चालन गर्ने कुरामा धेरै हिच्किचाउने गर्नुहुन्थ्यो । तर, पछिल्लो समय सरकारले महिला उद्यमीको नाममा घरेलु उद्योग दर्ता गर्दा ३५ प्रतिशत छुट दिने र महिला पनि आफैं पनि उद्यम गर्नेतर्फ अग्रसर हुँदा पनि सो संख्यामा वृद्धि भइरहेको छ,' उनले भने, 'विगतको तुलनामा अहिले महिला उद्यमी भएर घरेलु तथा साना उद्योग खोल्ने क्रममा भने निकै सुधार आएको छ ।'

कार्यालयका अनुसार गत आवमा छ सय ३५ पुरुष उद्यमीले नयाँ उद्योग दर्ता गरेका छन् । कार्यालयका अनुसार गत आर्थिक वर्षमा पर्सामा नयाँ दर्ता भएका उद्योगले एक हजार सात सय ३७ जना पुरुषलाई रोजगारी दिइरहेका छन्, भने एक हजार एक सय ६१ महिलालाई रोजगारी सिर्जना गर्ने बताइएको छ ।

प्रमुख पञ्जियारले तराई–मधेश जस्तो ठाउँमा महिला उद्यमी सञ्चालक भएर नयाँ घरेलु तथा साना उद्योग दर्ता गर्ने प्रवृत्तिमा क्रमशः सुधार आइरहेको बताए ।

'एक दशकअघिसम्म महिला उद्यमी सञ्चालक भएर खासै धेरै उद्योग दर्ता हुँदैन्थे, सबैजसो पुरुष उद्यमी सञ्चालक भएका नयाँ उद्योग दर्ता गर्नुहुन्थ्यो,' उनले भने, 'सरकारले महिला उद्यमी सञ्चालक भएको नयाँ उद्योग दर्ता गर्दा लाग्ने शुल्कमा ३५ प्रतिशत छुट दिने व्यवस्था गरेसँगै अहिले महिला उद्यमी सञ्चालक भएका उद्योग दर्ता हुनेक्रम बढेको छ ।'

# बालेन र सुधनविरुद्ध उजुरी



**मधेशदृष्टि**
**वीरगंज ।**
नेकपा एमालेको निकट राष्ट्रिय युवा संघ पर्साले काठमाडौँ महानगरपालिकाका मेयर बालेन्द्र शाह (बालेन) र 'हामी नेपाल' संस्थाका संयोजक सुदन गुरुङसहित जेन्जी आन्दोलनका अगुवा र समर्थकहरूविरुद्ध जिल्ला प्रहरी कार्यालय पर्सामा उजुरी दिएका छन् । सोमबार मधेश प्रदेशका आठ वटै जिल्लामा बालेन र गुरुङसहित जेन्जी आन्दोलनका अगुवा र समर्थकविरुद्ध उजुरी दिने कार्यक्रमअन्तर्गत युवा संघ पर्साले जिल्ला प्रहरी कार्यालय पुगेर उजुरी दिएको हो । युवा संघ पर्साका अध्यक्ष सुवास साहले उजुरीमा भदौ २४ गतेको जेन्जी आन्दोलनका क्रममा राष्ट्रिय सम्पत्तिमा तोडफोड, सिंहदरबार, सर्वोच्च अदालत र विभिन्न प्रहरी कार्यालयमा आगजनी तथा क्षति पु¥याउने कार्यमा बालेन र गुरुङको संलग्नता रहेको आरोप लगाइएको छ ।

युवा सङ्घले दुवैलाई पक्राउ गरी कानूनी कारबाही गर्न माग गर्दै जिल्ला प्रहरी कार्यालय पर्साका प्रमुख एसपी सुदीपराज पाठकलाई हस्तान्तरण गरिएको थियो । उजुरी दर्ता गर्नुअघि युवा सङ्घले वीरगंजमा मोटरसाइकल ¥याली निकालेर शक्ति प्रदर्शन गरेको थियो । जिल्ला समन्वय समितिको प्राङ्गणबाट शुरु भएको ¥यालीले नगर परिक्रमा गर्दै लाल बङ्गला पुगेर समापन भएको थियो ।

# अव्यवस्थित पार्किङविरुद्ध मुद्दा

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजका युवाले उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगंजमा अव्यवस्थित पार्किङ र ट्राफिक नियम उल्लंघनविरुद्ध मुद्दा दायर गरेका छन् । मुद्दामा वीरगंज महानगरपालिकालाई समेत विपक्षी बनाइएको छ ।

युवाहरूका अनुसार वीरगंज शहरका विभिन्न ठाउँमा सवारीसाधनहरू सडकमा अव्यवस्थित रूपमा पार्किङ गरिँदा सर्वसाधारणलाई हिँडडुल गर्न कठिनाइ हुने, सडकमा भीडभाड बढ्ने र दुर्घटनाको जोखिम समेत बढेको छ ।

मुद्दामार्फत यस्तो अव्यवस्थित पार्किङ प्रणाली व्यवस्थित बनाउन, ट्राफिक व्यवस्थापन सुधार गर्न तथा स्थानीय निकाय र सम्बन्धित निकायले प्रभावकारी कदम चाल्न माग गरेका छन् ।

# बिरामीको मृत्युपछि अस्पतालमा प्रदर्शन

**मधेशदृष्टि**
**बारा ।**
कलैया उपमहानगरपालिका–१६ उत्तर झिटकैयाकी २५ वर्षीया सञ्जु देवी यादवको मृत्युपछि वीरगंजस्थित श्रीराम अस्पतालमा विरोध प्रदर्शन गरिएको छ । मृतकका आफन्तले उपचारमा लापरबाही गरेको आरोप लगाउँदै नाराबाजी गरेका छन् ।

मृतक यादव उपचारका लागि श्रीराम अस्पतालमा भर्ना भएकी थिइन् । अस्पतालका चिकित्सकका अनुसार उनी पहिल्यैदेखि अप्रेशन (सी–सेक्शन) भएकी र यो पटक गर्भावस्था निकै जटिल रहेको थियो । डा. प्रीती यादवका अनुसार, बिरामीको अवस्था पहिलैदेखि गम्भीर थियो । पाठेघरको मुखमा साल टाँसिएर बसेको र जटिलता अत्यधिक भएकाले अप्रेशनसँगै पाठेघर पनि निकाल्नुपरको डा. यादवले स्पष्ट पारिन् । रगतको पनि आफैंले व्यवस्था गरेर उपचार गरिएको उनको भनाइ छ । कुनै औषधी नरोकिएको स्पष्ट पार्दै उनले उपचारमा कुनै कमी नभएको बताइन् । जटिल केस भएकाले जोखिम हुनसक्छ भन्ने कुरा परिवारका सदस्यलाई पहिल्यै जानकारी दिएर मृतकका श्रीमान्को लिखित अनुमति लिएरै अप्रेशन गरिएको उनको भनाइ छ ।

# जुवा खेल्ने ३ पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा प्रहरीले वीरगंज महानगरपालिका–१६ स्थित फुलबारी टोलमा जुवातास खेलिरहेको अवस्थामा तीन जनालाई पक्राउ गरेको छ । आइतबार राति करिब ९ः४५ बजे रोशन रौनियारले सञ्चालन गरेको होटलमा जुवातास खेलिरहेको भन्ने विशेष सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको टोलीले उनीहरूलाई नियन्त्रणमा लिएको हो ।

प्रहरीका अनुसार पक्राउ परेकामध्ये वीरगंज–१६ का २० वर्षीय रोहित रौनियार, त्यही स्थानका ३० वर्षीय श्यामबाबु राय र वीरगंज–१५ का २५ वर्षीय अनन्त कुमार गुप्ता छन् ।

उनीहरूका साथबाट नगद ५० हजार ७ सय ५५ रुपैयाँ र ३ बुक तास बरामद गरिएको प्रहरीले जनाएको छ ।

पक्राउ परेकालाई जुवाखालमै नियन्त्रणमा लिएर जिल्ला प्रहरी कार्यालयमा ल्याइएको हो ।

जुवासम्बन्धी कसूरमा आवश्यक कारबाहीका लागि जिल्ला प्रशासन कार्यालय पर्साबाट ५ दिन म्याद थप अनुमति लिएर थप अनुसन्धान कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।

**हुन्डी रकमसहित युवक समातिए**

वीरगंज–१० आदर्शनगरस्थित नबिल बैंक अगाडिबाट प्रहरीले युवकलाई हुन्डी रकमसहित पक्राउ गरेको छ । पक्राउ पर्नेमा वीरगंज–१६ का १९ वर्षीय किशन यादव छन् ।

प्रहरीका अनुसार यादवका साथबाट पाँच सय दरका ८ सय ६८ थान नोटसहित चार लाख ३४ हजार रुपैयाँ फेला परेको छ ।

डिएसपी किशोर लम्सालका अनुसार यादवविरुद्ध मुलुकी अपराध संहिता २०७४ को दफा १२५(क) बमोजिम हुन्डीसम्बन्धी कारोबारको अभियोगमा मुद्दा दर्ता गरिएको छ । अदालतबाट पाँच दिनको म्याद थप गरी थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।



सम्पादकीय

# मधेश सरकारमा लोसपाको गजबको बहिर्गमन

मुख्यमन्त्री उहिले नै अल्पमतमा पर्दा पनि समर्थन फिर्ता लिन नचाहेको लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)ले सोमबार मधेश सरकारलाई दिएको समर्थन फिर्ता लिएको छ। मधेश सरकारमा अरु सबै फिर्ता हुँदा पनि लोसपा भने एक मुख्यमन्त्रीको एक मन्त्री लिएर लिसो झैँ मधेश सरकारमा टाँसिएर बसेको थियो । यसको अर्थ यो थियो कि मधेशमा मुख्यमन्त्री दाबी गरेको लोसपालाई कांग्रेस एमालेले गठबन्धनमा पानी सदस्यको पनि हैसियत दिएनन् । यसैले सतिश कुमार सिंह मुख्यमन्त्री कमजोर बनेको भाष्य विकास हुँदा पनि लोसपा सरकारमा बसिरहेको थियो । तर सोमबार लोकतान्त्रिक समाजवादी पार्टी नेपाल (लोसपा) ले मुख्यमन्त्री सतिश कुमार सिंह नेतृत्वको सरकारलाई दिएको समर्थन फिर्ता लिएको छ । प्रदेश प्रमुखको कार्यालय जनकपुरधामले सोमबार विज्ञप्ति जारी गर्दै लोसपाले दिएको समर्थन औपचारिक रूपमा फिर्ता लिएको जानकारी दिएको हो।

नेपालको संविधानको धारा १६८ को उपधारा (२) बमोजिम गठन भएको मधेश प्रदेश सरकारलाई लोकतान्त्रिक समाजवादी पार्टी नेपालले दिएको समर्थन सोमबारबाट फिर्ता लिइएको व्यहोरा जानकारीका लागि अनुरोध छ भने प्रदेश प्रमुखको कार्यालयले सूचना जारी गरेको छ । यसमा एमाले–कांग्रेस पनि आइतबारपछि हच्किएका छन् । कांग्रेस नेतृत्वमा सरकार बनाउने विषयमा कांग्रेसमै असन्तुष्टि छ । जनमत पार्टीले सरकारलाई दिएको समर्थन फिर्ता लिए पनि मुख्यमन्त्री सिंहले राजीनामा नदिइरहँदा जनमत विभाजन भएर अर्को पार्टी दर्ताको खेलोफड्को आइतबार बाहिर आएपछि एमाले–कांग्रेस हच्किएका हुन् । कांग्रेस र जनमतभित्रकै असन्तुष्टिले नयाँ गठबन्धनलाई बहुमत नपुग्ने देखिएपछि सोमबार एकाएक लोसपा पनि पुरानो गठबन्धन छाडेर नयाँ गठबन्धनको ललिपपमा फसेको पो हो कि भन्ने देखिएको छ । सत्ता भनेपछि नछाड्ने र सत्तामा बसेर सिन्को नभाँच्ने लोसपाको पर्फमेन्सले मधेशमा लोसपा लोपोन्मुख पार्टी बनिरहेको छ।

लोसपाको समर्थन फिर्तासँगै मुख्यमन्त्री सतिश कुमार सिंह अब एक सदस्यीय सरकारका हर्ताकर्ता बनेका छन्।

उनले मंगलबार विश्वासको मत लिने भएका छन् । कांग्रेसको असन्तुष्टि र जनमतको नयाँ पार्टी निर्माणसँगै कति सदस्य प्रभाव पार्न सक्ने हैसियतमा उनी पुग्छन् ? या यी सबै गठबन्धन भत्काएर कांग्रेस एमालेलाई पनि छक्याउँदै लोसपा पो मधेश सरकारको सत्तामा पुग्ने हो कि ? या ढिलोचाँडो जनमत र कांग्रेसको किचलोले सत्ता एमालेको भागमा पुग्ने हो, केही अनुमान छैन, प्रतीक्षा गरौँ।

# पुनर्जागरण समयको सदुपयोग



डा दीपेन्द्र रोकाया

सामाजिक परिवर्तन कहिल्यै आकस्मिक हुँदैन । ती युगौंसम्म थुप्रिएका असन्तोषका गर्भबाट फुट्छन्, चेतना अनुसार अभिव्यक्त हुन्छन् र अन्ततः संस्थागत रुपान्तरणतर्फ डोरिन्छन् । नेपाली समाजले भोगेको पछिल्लो जेन जी आन्दोलन यस्तै एउटा ऐतिहासिक मोड हो, जसले केबल सरकार वा दलहरूको कार्यशैली माथि प्रश्न उठाएको मात्र छैन, सिङ्गो शासन प्रणाली र राजनीतिक संस्कारको पुनर्विचारको माग गरेको छ।

नेपालको राजनीतिक इतिहासमा फेरि युवाहरू स्वतःस्फूर्त रूपमा सडकमा उत्रिए। यो आन्दोलन न कुनै दलको निर्देशनमा भयो, न कुनै नेताको आह्वानमा। तर यसले देशको राजनीतिक, प्रशासनिक, आर्थिक र सामाजिक संरचनामै गहिरो धक्का दियो । यसले प्रणालीगत सुधारको लागि मार्गप्रशस्त गरेको छ। जेन जी आन्दोलनको जरा गहिरो छ । नेपाली जनतासँग संवैधानिक संरचनामाथि असन्तोष थियो, जसले ‘लोकतन्त्र’ भनिए पनि जनताको अपेक्षा, सम्मान र सहभागितालाई निरन्तर उपेक्षा गर्दै आएको थियो । त्यहीबेला अभिव्यक्ति स्वतन्त्रतामा प्रतिबन्ध लाग्यो। प्रशासनिक भ्रष्टाचार र नातावाद मौलाएकै थियो । सत्ताधारीको अहंकारपूर्ण व्यवहार चरम चुलीमा पुगेको थियो । संसदीय अनुत्तरदायित्व व्यवहारबाट जनतले दिक्क मानेका थिए । न्यायालय पहुँचवाला र धनवालाको थियो । यी सबै गतिविधिले समाजमा एक गहिरो असन्तोष बढाएको थियो, जुन जेन जी आन्दोलनको रूपमा विस्फोट भयो।

यस आन्दोलनमा नाम जेन्जीको भए पनि अरु उमेर समूहको पनि सहानुभूति र सहभागिता रहेको थियो। त्यसबेला भएको घुसपैठले नेपालले ठूलै मूल्य चुकाएको छ। चौहत्तर जना होनहार युवाको ज्यान गयो, सयौँ घाइते भए। संसद् भवन, सिंहदरबार, सर्वोच्च अदालत, प्रदेश मन्त्रालयहरु, करिब तीन सय स्थानीय तहका कार्यालय, प्रमुख दलका कार्यालय, प्रमुख दलका शीर्ष नेताहरुको निवास, चार सय ८६ भन्दा बढी प्रहरी इकाइका साथै होटल तथा व्यापारिक केन्द्रहरुमा आक्रमण र आगजनी भयो । यसबाट करिब एक खर्बभन्दा बढी आर्थिक क्षति भएको अनुमान गरिएको छ । १० हजारभन्दा बढी श्रमिक प्रभावित भएका छन् । महत्वपूर्ण अभिलेख र प्रशासनिक कागजात नष्ट भएका छन्। यसबाट गर्दा विश्व बैंकले देशको आर्थिक वृद्धि दर ५.२ प्रतिशतबाट २.१ प्रतिशतमा घट्ने अनुमान गरेको छ।

जेन्जी आन्दोलनले राजनीतिक जवाफदेहिता र संस्थागत पुनर्संरचनाको आवश्यकता उजागर गरेको छ। जुन मूल्यमा चेतनाको पुनर्जन्म हुन्छ, त्यो समाजका लागि दीर्घकालीन लाभ हुन्छ । यस्ता आन्दोलनहरू इतिहासका पानामा प्रसस्त भेटिन्छन् । बेलायतको गौरवमय क्रान्ति, फ्रेन्च क्रान्ति, अरब वसन्तदेखि ट्युनिसियामा देखिएको विद्रोहसम्मको अनुभवले ती सबै विकृत संस्थाविरुद्ध जनविद्रोह भएको थियो । ट्युनिसिया, श्रीलङ्का, बङ्गलादेश जस्ता मुलुकमा यस्ता विद्रोहपछि नयाँ चुनाव र पुनःसंरचनाका काम भएका छन्। नेपालमा पनि यो आदोलनले केही गहिरा सामाजिक र राजनीतिक सङ्केतहरू दिएको छ । राजनीतिमा युवाको चासो बढेको छ । सत्ताको अकर्मण्यताको प्रतिवाद जेन्जी पुस्ताले गरेको छ । नेताहरूको वास्तविक अनुहार जनतामाझ स्पस्ट भएको छ । कार्यकारी प्रमुख चयनको बहस जीवन्त बनेको छ । नेतृत्व हस्तान्तरण र पुस्तान्तरणको विषयमा सार्वजनिक विमर्श हुन थालेको छ । यी सबै सङ्केतहरूले नेपाल गम्भीर मोडमा उभिएको छ।

जेन्जी आन्दोलन संसद् विघटन गर्ने, अन्तरिम सरकार गठन गर्ने र फागुन २१ गते निर्वाचन गर्ने भनेर भएको होइन । यहाँ त संरचनागत, प्रक्रियागत र नैतिक पुनर्निर्माणको आधार निर्माण गर्न भएको हो। संविधान संशोधन र त्यसकै आधारमा चुनाव भएको भए एकोहोरो पर्दथ्यो । संविधान संशोधन नगरी चुनावमा जानु भनेको अर्को अस्थिरताको स्वागत गरेजसो पनि हुनेवाला छ। यसैले शासकीय स्वरुप र निर्वाचन प्रणालीमा सुधार गर्नुपर्छ । यो अहिलेको बहसको मूल विषय बन्नुपर्दछ।

प्रशासनिक पुनर्संरचना गर्नै पर्नेछ । यो बीचमा अस्थिरता ल्याउने मुख्य काम सिंहदरवारबाट प्रशासनिक सङ्घीयताको काम नहुनाले भएको थियो । अहिले सिंहदरवारभित्र नेताहरुले भोगेको अवस्था प्रशासनिक नेतृत्वले भोग्न सक्ने अनुमान कर्मचारीहरुले नै गर्न थालेको देखिन्छ । यसैले आन्दोलनका क्रममा भएको निरङ्कुश बर्बरताको न्यायिक छानबिन र कारवाही हुनैपर्छ। अभिलेखीय पुनस्र्थापना गर्नैपर्छ । वास्तविक समावेशिता र युवा पुस्तासँग संवादको थालनी छिटो गर्नुपर्छ। सूचना प्रवाहमा पारदर्शिता अपनाउनु पर्छ। दलहरूमा आन्तरिक शुद्धीकरण हुनैपर्छ । यहाँ मुख्य सवाल प्रतिनिधित्वको होइन, नेतृत्वमा युवा पुग्ने बाटो खोल्नुपर्छ।

आन्दोलनको जगमा बनेको अन्तरिम सरकारले निर्वाचनको घोषणा गरिसकेको छ। अधिकांश दलहरू चुनावमा जान तयार छन्। राजनीतिलाई सही दिशामा लैजान पनि सबै राजनीतिक दलहरु निर्वाचनमा जानैपर्छ । विगतमा आफ्ना शासकीय कमजोरीहरुलाई समीक्षा गर्दै जनतामा जानुको विकल्प छैन। नेतृत्व पुस्तान्तरणको कुरा त्यतिकै उठेको होइन । औसत आयुभन्दा माथिका सक्रिय नेतृत्वको सीमा तोकिनुपर्छ । समाजलाई गतिशील बनाउने हो भने युवालाई केबल कार्यकर्ता होइन, निर्णयकर्ता नै बनाउनुपर्छ।

संरचनागत लोकतन्त्रको कार्यान्वयन हुनपर्छ । दलभित्र सबै पदमा स्वच्छ प्रतिस्पर्धाबाट निर्वाचित हुने व्यवस्था हुनपर्छ। आन्तरिक लोकतन्त्र बलियो भयो भने मात्र राजनैतिक संस्कार बस्न सक्छ। आलोचना स्वीकार गर्न सक्नुपर्छ । हामीले देख्ने नेतृत्व नीतिगत स्पष्टता, २१ औं शताब्दीका मुद्दा पहिचान गर्ने र त्यसको सम्बोधन गर्नसक्ने हुनुपर्छ। डिजिटल प्रविधि, पर्यावरण, मातृवर्ग र श्रमजीवी नागरिकको विषयमा स्पस्ट हुनपर्छ । सबैखाले भ्रष्टाचारविरुद्ध निरन्तर लागिरहने संस्कृति बनाउन सक्नुपर्छ । युवाहरुको मागसँग संवाद गरिरहनु पर्छ । आन्तरिक लेखापरीक्षण र पारदर्शिता हुनैपर्छ। आर्थिक पारदर्शिता, स्वतन्त्र मूल्याङ्कन गर्ने पद्दति बसाल्नुपर्छ । राजनैतिक पार्टीहरुले आत्मसमीक्षा गरी आफ्नो तर्फबाट भएको गल्ती कमजोरीलाई स्वीकार गर्नुपर्छ।

अहिले निर्वाचन कार्यतालिका सार्वजनिक भइसकेको छ । यही अवस्थामा हेर्दा संविधान संशोधनका मुख्य विषयवस्तु लिएर चुनावमा जानुपर्ने देखिन्छ । राष्ट्रियसभा साँच्चीकैको विज्ञ सभा बनाउने, प्रतिनिधिसभाको संख्या जनसंख्याको भन्दा पनि भूगोलमा आधारित हुने गरी संशोधन गर्नुपर्ने देखिन्छ। राष्ट्रियसभा, प्रतिनिधिसभा र प्रदेशसभा सदस्यले कानुन बनाउनेमा क्रियाशील हुनु पर्दछ। प्रत्यक्ष जननिर्वाचित कार्यकारी प्रमुख (राष्ट्रपति वा प्रधानमन्त्री) र मुख्यमन्त्री भयो भने राजनैतिक अस्थिरताको अन्त्य हुनसक्छ। उनीहरुको नेतृत्वमा विषय विज्ञहरु सम्मिलित सरकार सञ्चालन गर्दा बढी प्रभावकारी देखिनेछ।

यतिबेला केहीले प्रदेश र सङ्घीयता खारेज हुनुपर्दछ भनिरहेका छन्। सङ्घीयताको मुटु प्रदेश हो। सङ्घीयता सबलीकरणसम्बन्धी एक अध्ययनले वितेका ३० वर्षमा नभएका कामहरु सङ्घीयता आएपछिको सात वर्षमा भएको देखिएको छ । बरु प्रदेशसभा सदस्यको संख्या घटाउने वा सोही प्रदेशका स्थानीय तहका प्रमुख र उपप्रमुखलाई पार्षद बनाएर हिउँदे अधिवेशन (नीति तथा कार्यक्रम र बजेट अधिवेशन) र वर्षे अधिवेशन (विधायन अधिवेशन) गर्ने पद्धति बसाल्न सकिन्छ। स्थानीय तहको संख्या घटाएर तीन सयसम्म झार्दा हुन्छ। यसमा वडाको संख्या भने बढाउनुपर्ने हुन्छ।

जेन्जी आन्दोलन दुई दिन चल्यो । यो अग्रगामी कदम हो । अन्तरिम सरकारले यसमा अलमल देखायो भने फेरी खराब अवस्था आउन सक्छ । विश्वभरका घटनाक्रमले यो समयमा युवाहरुले हौसिने होइन, धैर्यताका साथ पार लगाउने विषयमा सोच्नुपर्छ। राजनीतिक दलहरूले विगतको गल्ती स्वीकार गरेनन्, युवालाई नेतृत्वमा आउने आधार बनाएनन्, पारदर्शिता र जवाफदेहिताको नयाँ युग सुरु गर्न सकेनन् भने समयले किनारा लगाउनेछ। राजनीति केबल शासन गर्ने साधन मात्र होइन, विश्वास निर्माण गर्ने, प्रणाली सुधार गर्ने र नागरिक चेतनालाई सम्मान गर्ने माध्यम हो। यसैले अबको निर्वाचन सरकार बनाउने प्रक्रिया मात्र होइन, राज्य निर्माणको दिशासमेत हो। यो समयलाई प्रतिगामी सोच मौलाउने र यथास्थितिमा अल्मलिन दिनुहुँदैन।

यसैले बौद्धिक वर्ग, नागरिक समाज, मिडिया र युवाहरूको सक्रिय भूमिका आवश्यक छ । यो समय परिवर्तन र रूपान्तरणको हो। नेपालको इतिहास फेरि एकपटक सम्भावनाको मोडमा उभिएको छ। यो मोड पार गर्नसक्ने क्षमताको विकास राजनीतिक दल, नागरिक समाज र प्रशासनिक संरचनाहरुको सामूहिक आत्मसमीक्षा र प्रतिबद्धतामा निर्भर गर्दछ। यसैले आगामी निर्वाचनमा देशलाई समाजवादमा लाने राम्रा उम्मेदारको छनोटमा जोड दिनुपर्छ।

पैसाको भरमा चुनाव लड्ने र जितेपछि लुट्ने सपना देख्ने प्रवृत्तिको अन्त्य गराउने वातावरण बनाउनुपर्छ । यसका लागि निर्वाचन आयोगले चुनावी सभाहरुको आयोजना गरी देश र जनताको पक्षमा काम गर्ने उम्मेदवारलाई एउटै मञ्चमा प्रश्नोत्तर गरेर जनताले चिन्न पाउने अवस्था निर्माण गर्नु उपयुक्त हुन्छ । स्मरण रहोस्, यो लोकतान्त्रिक पुनर्जागरणको समय हो । यसको सही व्यवस्थापन अन्तरिम सरकारबाट हुनुपर्छ। रासस

# न मुद्दाका मिसिल, न इजलास बस्ने ठाउँ



बीपी अनमोल

भदौ २४ गते जेन्जी आन्दोलनका क्रममा भएको आगजनी र तोडफोडको सबैभन्दा कहालीलाग्दो अवस्था सम्भवतः न्यायपालिकाले ब्यहोर्यो। मुलुकको सर्वोच्च अदालत पूर्णतः खरानी भयो । विशेष अदालत, काठमाडौँ जिल्ला अदालत लगायत आगजनीबाट तहसनहस बने।

त्यसयता एक महिना नाघ्यो, आन्दोलनकारीले जलाएका सर्वोच्च अदालत लगायतका अदालतमा मुद्दाको नियमित सुनुवाइ शुरू नै हुनसकेको छैन। एक हिसाबले भन्दा सर्वोच्च न्यायालय ठप्प छ। अरू अदालत पनि त्यही अवस्थामा छन् । आगजनीबाट सर्वोच्च अदालतका अधिकांश मिसिल (कागजात) जलेर खरानी भएका छन् । त्यसमाथि आगजनीबाट सर्वोच्चको केन्द्रीय सर्भरमै क्षति पुगेकाले सर्वोच्चसहित अरू अदालतमा पनि तत्काल मुद्दाको नियमित सुनुवाइ शुरू हुने सम्भावना देखिएको छैन।

सर्वोच्च अदालतमा अहिले बन्दी प्रत्यक्षीकरणका रिट मात्र दर्ता गरेर सुनुवाइ भइरहेको छ । त्यसका लागि पनि शुरूमा अदालत परिसरमा पाल टाँगेर सुनुवाइ गरेको सर्वोच्चले अहिले चाहिँ आगजनी हुनबाट जोगिएको एनेक्स भवनमा दुई वटा इजलास स्थापना गरेको छ । सर्वोच्चका प्रवक्ता, सह–रजिस्ट्रार अर्जुनप्रसाद कोइरालाले अदालतका मिसिलदेखि केन्द्रीय सर्भरमा समेत ठूलो क्षति भएकाले बन्दी प्रत्यक्षीकरणको रिट मात्र दर्ता गरेर सुनुवाइ गरिरहेको बताए । ‘फुल कोर्ट (सर्वोच्च अदालतको पूर्ण बैठक) को निर्णय अनुसार केही दिन खुल्ला चौरमा पाल टाँगेर सुनुवाइ भयो। दशैँपछि चाहिँ एनेक्स भवनबाट बन्दी प्रत्यक्षीकरणको रिटमा दुई वटा इजलासबाट सुनुवाइ भइरहेको छ,’ उनले भने, ‘त्यसबाहेक अन्य मुद्दाको सुनुवाइ तत्काल शुरू गर्न सक्ने स्थिति अहिले नै तयार भइसकेको छैन।’

अब मुद्दाको सुनुवाइ कसरी शुरू गर्ने भन्नेबारे सर्वोच्चले गत बिहीबार महान्यायाधिवक्ताको कार्यालय र नेपाल बार एसोसिएसनलगायत सरोकारवालासँग छलफल गरेको थियो । सर्वोच्चका सूचना अधिकारी, उप–रजिस्ट्रार नीराजन पाण्डेका अनुसार छलफलमा बारका पदाधिकारीलगायत सरोकारवालाले नयाँ रिट दर्ता र सुनुवाइ अघि बढाउनुपर्ने सुझाव दिएका थिए। त्यसक्रममा प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतले पनि सर्वोच्चले रोकिएको सेवा जतिसक्दो छिटै शुरू गर्नेबारे प्रयास भइरहेको बताएका थिए।

नेपाल बारका महासचिव केदारप्रसाद कोइराला सर्वोच्च अदालतले नष्ट भएका डाटा रिकभर भइसकेपछि सर्वोच्चसहित जलेका अदालतबाट सेवा शुरू हुने प्रतिबद्धता जनाएको बताउँछन् । ‘नजलेका अदालतले नियमित सेवा शुरू गरिसकेका छन्, जलेका अदालतबाट पनि छठपछि सेवा सुचारु हुने आशा छ,’ उनले भने, ‘डाटा रिकभर हुन केही समय त लाग्ला। त्यसपछि मुद्दाको अवस्था प्रष्ट होला र सेवा सुचारु गर्न केही सहज होला।’

कानून व्यवसायीहरूले तत्काल नयाँ रिट दर्ता गरेर सर्वोच्चले सुनुवाइ अघि बढाउनुपर्नेमा जोड दिइरहेका छन्। तर केन्द्रीय सर्भरमै क्षति पुगेको र डाटा रिकभर नगरी तत्काल रिट दर्ता र सुनुवाइ सम्भव नहुने सर्वोच्च प्रशासनले भन्दै आएको छ । ‘सर्भर जलेको छ । सबै डाटा रिकभर गर्नुपर्छ । अनलाइन प्रणाली सुचारु नभईकन अहिले रिट दर्ता र सुनुवाइ अघि बढाउन सक्ने अवस्था छैन,’ सर्वोच्चका एक कर्मचारी भन्छन्, ‘सेवा सुचारु गर्नुपर्‍यो भनेर मात्र भएन। संरचना सबै ध्वस्त भएको अवस्थामा केही समय त लाग्छ।’ सर्वोच्चका सूचना अधिकारी नीराजन पाण्डेले क्षतिग्रस्त सर्भरबाट डाटा रिकभर गर्ने प्रयास भइरहेको बताए।

**छैन इजलास बस्ने ठाउँ**

सर्वोच्चले अहिल्यै मुद्दाको नियमित सुनुवाइ शुरू गर्न नसकिने बताउनुको एउटा प्रमुख कारण हो, इजलास बस्ने ठाउँकै अभाव। भदौ २४ को आगजनीबाट सर्वोच्च अदालतको भवन पूर्ण रूपमा क्षतिग्रस्त भएको छ । अदालतकै अर्को भवन (एनेक्स भवन) मा बढीमा ४ वटासम्म इजलास तयार पारेर सुनुवाइ अघि बढाउन त सकिन्छ, तर त्यसका लागि पनि आवश्यक फाँट र कर्मचारी व्यवस्थापन गर्ने ठाउँ छैन।

‘सर्वोच्च अदालत फुल–फेजमा चलाउन १०–११ वटा इजलास चाहिन्छ । अहिले एनेक्स भवनमा दुई वटा इजलास राखिएको छ, थप दुई वटा सञ्चालन गर्न सकिन्छ कि भनेर तयारी हुँदैछ,’ प्रवक्ता कोइरालाले भने, ‘श्रीमान् (न्यायाधीश) हरूदेखि कर्मचारीसम्मलाई बस्ने ठाउँ छैन । एउटै भवनमा कोचाकोच भएर बस्नुपरेको छ । नियमित रूपमा अदालत चलाउन ठाउँकै अभाव छ । कर्मचारीको व्यवस्थापन, कम्प्युटर, सर्भरलगायत धेरै चुनौती छ।’

अहिले सर्वोच्चको एनेक्स भवनमा एकै कोठामा चार पाँच जना न्यायाधीशलाई राखिएको छ । कर्मचारीको अझ धेरै कोचाकोच छ। चार वटासम्म इजलास गठन भएमा नयाँ मुद्दा दर्ता गरेर सुनुवाइ अघि बढाउन सकिने सम्भावनाबारे सर्वोच्चले तयारी गरिरहे पनि यसबारले फुल कोर्टले नै निर्णय गर्नुपर्ने हुन्छ।

सर्वोच्च अदालतको नयाँ भवन पनि निर्माणाधीन छ। त्यो भवनबाट आउँदो एक वर्षभित्र सेवा दिने सर्वोच्चको तयारी थियो। जेन्जी आन्दोलनकारीको आगजनीबाट अदालतको अहिलेको भवन क्षतिग्रस्त भएपछि कतिपयका आँखा त्यही भवनतर्फ सोझिएका छन् । तर यो भवन तत्कालै सञ्चालनमा आइहाल्ने सम्भावना छैन।

सर्वोच्चका प्रवक्ता कोइराला अहिलेसम्म ९० प्रतिशत मात्र निर्माणको काम भएको, भवन निर्माण सम्पन्न हुन अझै समय लाग्ने बताउँछन्। ‘निर्माण सम्पन्न भएर हस्तान्तरण हुन पनि समय लाग्छ। तर पनि केही भागको निर्माण चाँडो सकेर केही फाँट त्यहाँबाट सञ्चालन गर्न सकिन्छ कि भनेर ताकेता गरिरहेका छौँ,’ उनले भने, ‘त्यसो भएमा केही सहज हुने थियो।’

जेन्जी आन्दोलनका क्रममा सर्वोच्चसहित काठमाडौँ जिल्ला अदालत, मोरङ जिल्ला अदालत, उच्च अदालत विराटनगर र उच्च अदालत तुलसीपुरमा सबैभन्दा धेरै क्षति पुगेको थियो। विशेष अदालत लगायत अन्य अदालतमा पनि क्षति भएको थियो । कम क्षति भएका अदालतले पेसी सूची निकालेर सेवा सुचारु गरिसकेका भए पनि सर्वोच्च अदालतमा रहेको डाटा सर्भर नै क्षतिग्रस्त भएकाले सेवा सुचारु भएका अदालतले पनि प्रभावकारी रूपमा सेवा दिन सकिरहेका छैनन्।

**जलेका २० हजार मुद्दाका मिसिल पुनः प्राप्ति गर्नुपर्ने**

गत भदौ २२ गतेसम्मको सर्वोच्च अदालतको रेकर्डअनुसार अदालतमा चालु मुद्दाको संख्या २४ हजार तीन सय थियो। भदौ २४ को आगजनीमा ती मिसिल नष्ट भएका छन् । सर्वोच्चका प्रवक्ता कोइरालाका अनुसार तीमध्ये केही जलेको अवस्थामै भए पनि चार हजार दुई सय मिसिल सुरक्षित भेटिएका छन्। पूर्णतः नष्ट भएका बाँकी २० हजार एक सय मिसिल भने पुनः प्राप्ति गर्नुपर्ने छ । जलेका मिसिल पुनः प्राप्ति गरेर प्रमाणीकरणका लागि निर्देशिका बनेर काम अघि बढाइसकेको उनले बताए । ‘सबै मिसिल खडा हुन त समय लाग्छ। सम्बन्धित पक्षसँग भएका कागजात लगायतका आधारमा खडा गर्ने हो । त्यसका लागि अनुरोध पनि गरिसकेका छौँ,’ उनले भने, ‘त्यसरी प्राप्त भएका प्रमाणलाई पनि प्रमाणीकरण गर्नुप¥यो । यो अर्को चुनौती छ ।’सर्वोच्च प्रशासनले भदौ २९ गते नै सूचना जारी गरेर अदालत नियमित रूपमा सञ्चालन भएको मितिले ३० दिनसम्म म्याद, हदम्याद, तारेख थाम्न सकिने उल्लेख गरेको थियो । त्यस्तै अदालतका नियमित अन्य सेवा प्रवाहको अर्को सूचना प्रकाशित नहुँदासम्म म्याद, हदम्याद र तारेख नगुज्रिने पनि स्पष्ट पारेको थियो।

विशेष परिस्थितिका कारण नष्ट भएका मिसिल कागजातको प्राप्ति र प्रमाणीकरण सम्बन्धी निर्देशिका २०८२ तयार भएपछि निर्देशिका अनुसार सबै अदालतले काम थालनी गरेको सर्वोच्चका सूचना अधिकारी पाण्डे बताउँछन् । निर्देशिकाले नष्ट भएका मिसिलसँग सम्बन्धित कागजातहरू उपलब्ध गराउन आवश्यकता अनुसार ६० दिनको समयावधि प्रदान गरेको छ। कुनै अदालत वा निकायसमक्ष रहेको मुद्दा सम्बन्धी कागज अभिलेख प्रतिलिपि, सर्वोच्च अदालत तथा अन्य सरकारी निकायका वेबसाइटमा अपलोड गरिएका फैसला तथा कागजातहरू, अदालतको कार्यसम्पादनको क्रममा न्यायाधीश तथा कर्मचारीसँग रहेका कागजातहरू, विभिन्न अदालतहरू, अन्य सरकारी निकायहरू र न्यायाधीश तथा इजलास अधिकृतहरूबीच विद्युतीय माध्यमबाट आदानप्रदान भएका कागजातहरू र अन्य उपयुक्त माध्यमबाट प्राप्त कागजातहरूलाई नष्ट भएका मिसिल प्राप्तिका आधार मान्ने निर्देशिकाको व्यवस्था छ। साथै, त्यसरी प्राप्त मिसिल कागजातको आधिकारिकता परीक्षण र प्रमाणीकरणका विषयमा पनि केही मापदण्ड तय गरिएको छ।

निर्देशिका अनुसार यसका लागि सर्वोच्च अदालतको हकमा मुद्दा महाशाखा हेर्ने रजिस्ट्रार अध्यक्ष, मुद्दा महाशाखा हेर्ने सह–रजिस्ट्रार सदस्य र फाँटका सम्बन्धित सुपरिवेक्षक सदस्य–सचिव रहने गरी समिति गठनको व्यवस्था छ । त्यस्तै, विशेष अदालत, उच्च अदालत र उच्च अदालतका इजलासका हकमा रजिस्ट्रार अध्यक्ष, रजिस्ट्रारले तोकेको उप–रजिस्ट्रार वा अधिकृत सदस्य र सम्बन्धित सुपरिवेक्षक सदस्य–सचिव रहने गरी समिति रहने छ । त्यस्तै, जिल्ला अदालत, न्यायाधिकरण र निकायका हकमा श्रेस्तेदार–मुद्दा दर्ता गर्ने अधिकारी अध्यक्ष, श्रेस्तेदार–मुद्दा दर्ता गर्ने अधिकारीले तोकेको अधिकृत सदस्य र सम्बन्धित सुपरिवेक्षक सदस्य–सचिव रहने गरी समिति बनाउने उल्लेख छ। उकालो

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउनु सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# डेढ महिनादेखि बस्न सकेन गण्डकी प्रदेशसभा बैठक



**गण्डकी ।**
'जेन्जी' आन्दोलनका क्रममा गण्डकी प्रदेशसभा भवन क्षतिग्रस्त भएपछि प्रदेशसभाको कामकारबाही झण्डै डेढ महिनादेखि प्रभावित भएको छ । पछिल्लोपटक गत भदौ १६ गते प्रदेशसभा बैठक बसेको थियो । त्यसयता दुईपटकसम्म बैठक डाकिएकामा अन्तिम समयमा आएर स्थगित गरिएको थियो । बैठक कहिले बस्छ भन्ने अझै टुङ्गो छैन ।

भदौ २५ गतेलाई बोलाइएको बैठक त्यसको अघिल्लो दिन भदौ २४ मा 'जेन्जी' प्रदर्शनकारीले प्रदेशसभा भवनमा तोडफोड र आगजनी गरेपछि बैठक बस्न सकेको थिएन । 'जेन्जी' आन्दोलनपछि उत्पन्न विषम परिस्थितिका कारण अनश्चितकालसम्मका लागि स्थगित गरिएको बैठक गत बुधबार कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको सभाकक्षमा बस्ने तय भएको थियो । उक्त दिन पनि प्रदेशसभा बैठक सञ्चालन हुन सकेन । अन्तिम समयमा आएर विशेष कारण देखाउँदै प्रदेशसभा सचिवालयले बैठक स्थगित भएको सूचना निकाल्यो । अर्को सूचना नभएसम्मका लागि बैठक स्थगित गरिएको सचिवालयले जनाएको छ । सभामुख कृष्णप्रसाद धितालले प्राविधिक तयारी नपुगेका कारण बैठक स्थगित भएको बताए ।

'नयाँ ठाउँमा बैठक बस्नुपर्ने भएकाले व्यवस्थापकीय र प्राविधिक तयारी पनि सोही अनुसार गर्नुपर्ने अवस्था छ', उनले भने, 'अब तिहारपछि नै बैठक बस्छ, त्यतिञ्जेलसम्म तयारी पनि पुग्छ ।' गत बुधबार बोलाइएको बैठकमा गाँजा खेती र खानी तथा खनिजसम्बन्धी विधेयकमा दफाबार छलफल गरी र पारित गर्ने सम्भावित कार्यसूची तयारी थियो । प्रदेशसभा बैठक प्रभावित हुँदा कानून निर्माणमा ढिलाइ हुने देखिएको छ ।

पुनः प्रयोगमा ल्याउन नमिल्ने गरी प्रदेशसभा भवनलगायत संरचनामा क्षति पुगेकाले प्रदेशसभा बैठक सञ्चालनका लागि कृषि मन्त्रालयको भवनमा वैकल्पिक व्यवस्था गरिएको हो । हालै मात्र प्रदेशसभाको नयाँ भवन निर्माण सुरु गरिएकाले उक्त भवन नबनेसम्म अस्थायी संरचनाबाट प्रदेशसभाका कामकारबाही सञ्चालन हुने प्रदेशसभा सचिवालयले जनाएको छ ।

'जेन्जी' प्रदर्शनकारीले प्रदेशसभा भवनसहित मातहतका भवन, सवारीसाधनलगायतमा तोडफोड र आगजनी गरेका थिए । प्रदेशसभा भवन काठ र ढुङ्गाबाट बनेको पुरानो शैलीको संरचना भएकाले आगलागीले पूर्ण रूपमा क्षति पुर्‍याएको थियो । प्रदेशसभा सचिवालय रहेको भवन, विषयगत समिति, संसदीय दलका कार्यालय आदिमा पनि आगजनी गरिएको थियो । रासस

# न्यायिक समितिमा दुवै पक्षको जित गराउने अभ्यास



**तनहुँ ।**
यहाँका स्थानीय तहमा रहेको न्यायिक समितिले दुवै पक्षको जित हुनेगरी मुद्दा टुङ्ग्याउने कार्यलाई प्राथमिकतामा राखेको छ । जिल्लाका नगरपालिका र गाउँपालिकामा रहेका न्यायिक समितिले मेलमिलापका माध्यमबाट मुद्दाको किनारा लगाउँदै आएको छ । यसले गर्दा दुवै पक्षलाई जितको महसुस गराउन सकिएको बताइएको छ ।

सदरमुकामस्थित व्यास नगरपालिकामा गत आर्थिक वर्षमा ११६ मुद्दा दर्ता भएकामा ८८ मुद्दा फछ्र्योट भएका छन् । न्यायिक समितिका संयोजक एवम् नगरपालिकाका उपप्रमुख इन्दिरा दरैले नगरपालिकाले मेलमिलापका माध्यमबाटै मुद्दाको छिनेफानो गर्दै आएको उल्लेख गरिन् । दरैले भनिन्, 'न्यायिक समितिमा मुद्दा दर्ता भएपछि दुवै पक्षसँग छलफल गर्छौं, दुवै पक्षलाई जितको आभाष दिलाउन मेलमिलापको नीति लिएका छौँ ।'

नगरपालिकामा फोहरमैला व्यवस्थापन, लेनदेन, साँध सिमाना विवाद, घरबहाल, कुलो पानी, जग्गा खिचलो, महिला हिंसालगायतका मुद्दा दर्ता हुने गरेका छन् । नगरपालिकाले प्रत्येक वडामा मेलमिलाप केन्द्र स्थापना गरेको छ । सामान्य विवादका घटना वडामै मिलाउने उद्देश्यसहित नगरपालिकाले वडावडामा नै मेलमिलाप केन्द्र स्थापना गरिएको दरैले बताइन् । दरैले भनिन्, 'सबै मुद्दा न्यायिक समितिमा पठाउँदा मुद्दाको चाप बढी हुने गर्छ, सामान्य विवादलाई वडामै छलफलबाट टुङ्ग्याउन सकिन्छ ।'

बन्दीपुर गाउँपालिकामा १७ मुद्दा दर्ता भएकामा ११ वटा फछ्र्योट भएको न्यायिक समितिका संयोजक एवम् गाउँपालिकाका उपाध्यक्ष पञ्चमाया गुरुङले बताइन् । उनले दुवै पक्षलाई हारको महसुस नहुनेगरी विवाद समाधानलाई पहिलो प्राथमिकतामा राखिएको जानकारी दिइन् ।

भिमाद नगरपालिकामा २६ मुद्दा दर्ता भएकामा २३ मुद्दा फछ्र्योट गरिएको उपप्रमुख एवम् न्यायिक समितिका संयोजक शारदा खनालले जानकारी दिइन् । ऋषिङ गाउँपालिकाका उपाध्यक्ष एवम् न्यायिक समितिका संयोजक गिनुमाया थापाका अनुसार पालिकामा १६ मुद्दा दर्ता भएकामा चार मुद्दा फछ्र्योट भएका छन् । शुक्लागण्डकी नगरपालिकामा ७९ मुद्दा दर्ता भएकामा ४७ मुद्दा फछ्र्योट भएको उपप्रमुख खुमबहादुर विकले जानकारी दिए ।

घिरिङ गाउँपालिकाका उपाध्यक्ष एवम् न्यायिक समितिका संयोजक राधादेवी अधिकारीले पालिकामा १३ मुद्दा दर्ता भएकामा छ मुद्दा फछ्र्योट भएको उल्लेख गरे । भानु नगरपालिकामा ६० मुद्दा दर्ता भएकामा ४४ मुद्दा फछ्र्योट भएको उपप्रमुख उमा गोतामले बताए ।

स्थानीय शासन ऐन २०७४ बमोजिम नगरपालिकामा उपप्रमुखका संयोजकत्वमा न्यायिक समिति गठन भएको छ । न्यायिक समितिमा दर्ता हुने केही मुद्दामा न्यायिक समितिले फैसला गर्ने र केही मुद्दा मेलमिलापबाट टुङ्गो लगाउनुपर्ने कानूनी प्रावधान रहेको छ ।

स्थानीयस्तरमा शान्ति, सौहाद्र्र र मेलमिलाप कायम गरी स्थानीय विकास प्रक्रियालाई टेवा पुर्‍याउन, महिला, दलित, आदिवासी, जनजाति, मधेशी, मुसलमान, पिछडा वर्ग, सीमान्तकृत समुदायको सशक्तिकरण गरी सहभागितामूलक तरिकाबाट विवाद समाधान गर्न सहयोग गरी समाजमा न्याय, मानवाधिकार र नागरिक हितको संवद्र्धनमा मेलमिलाप केन्द्रले सहयोग पुग्ने विश्वास गरिएको छ । रासस

# समुदायको अग्रसरतामा विपद् न्यूनीकरण सम्भव



**ललितपुर ।**
गृहमन्त्री ओमप्रकाश अर्यालले समुदायको अग्रसरताविना विपद् न्यूनीकरण सम्भव नहुने भएकाले सबैको समन्वय, सहकार्य र सहभागिता आवश्यक पर्ने बताएका छन् ।

विपद् जोखिम न्यूनीकरणका लागि अन्तरराष्ट्रिय दिवस २०२५ का अवसरमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले सोमवार अन्तरराष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) खुमलटारमा आयोजना गरेको विपद् जोखिम न्यूनीकरणसम्बन्धी चौथो राष्ट्रिय सम्मेलनमा उनले सरकार सबैको समन्वय, सहकार्य र सहभागितामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका कार्य सम्पादन गर्नुपर्नेमा जोड दिए ।

गृहमन्त्री अर्यालले भने, 'नेपाल विपद् संवेदनशील क्षेत्रमा रहेको छ, भौगोलिक रूपमा सुन्दरका साथै त्यतिकै विपद्को उच्चजोखिममा पनि छ, हालै भएको विपद्का कारण नेपालले ठूलो क्षति व्यहोर्नुपरेको छ, यसका कारण विकासको गतिसमेत अवरुद्ध हुँदै आएको तथ्य हामीसामु छ, विगतका ठूला भूकम्प र बाढीपहिरोले हामीलाई विपद् जोखिम न्यूनीकरणका लागि व्यवस्थाको महत्त्वको आवश्यकता महसुस गराउँदै आएको छ, सरकारले विपद् जोखिम न्यूनीकरणलाई उच्च प्राथमिकतामा राख्दै आएको छ ।'

गृहमन्त्री अर्यालले विपद्लाई प्रकृतिमा मात्रै नभई सामाजिक, संरचनात्मक एवम् नीतिगत कमजोरीसँग पनि तुलना गर्नुपर्ने बताए । उनले केन्द्रदेखि स्थानीय तहसम्म विपद् व्यवस्थापनका लागि थुप्रै संयन्त्र क्रियाशील छन् ती सबै निकाय जिम्मेवार हुनुपर्छ भने ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको कार्यकारी निर्देशक दिनेश भट्टले विपद् व्यवस्थापनका क्षेत्रमा सरकारले गर्ने कामलाई प्रभावकारी र विश्वसनीय आवश्यक रहेको बताए । उनले पछिल्लो समय प्राकृतिक विपद् बढ्दै गएकाले त्यसलाई रोक्नका लागि विकास निर्माणका कार्यलाई विपद् व्यवस्थापनका अवधारणालाई ध्यान दिएर अगाडि बढाउनुपर्नेमा जोड दिए ।

नेपालका लागि अस्ट्रेलियाका राजदूत लिन जोनटनले विपद्सम्बन्धी पूर्वसूचना, समुदायमा आधारित समाधानका लागि असल अभ्यासको आदानप्रदान, लैङ्गिकमैत्री समाधानका लागि यो सम्मेलन प्रभावकारी हुने विश्वास व्यक्त गरे ।

इसिमोडका महानिर्देशक डाक्टर पेमा ग्माम्त्सोले यस सम्मेलन विपद् जोखिम व्यवस्थापनका सन्दर्भमा महत्त्वपूर्ण प्रविधिको उपयोगका लागि चेताना अभिवृद्धि, स्रोतको व्यवस्थापनका साथै परिचालनका विषयमा जानकारी र विपद् पूर्वतयारीका बारेमा अर्थपूर्ण सन्देश प्रवाह गर्नुपर्ने बताए ।

रोशनकुमारी श्रेष्ठले विपद् जोखिम न्यूनीकरणसम्बन्धी चौथो राष्ट्रिय सम्मेलनले मानवीय, भौतिक र आर्थिक क्षति न्यूनीकरणका लागि विपद् जोखिमको आकलन र जोखिम न्यूनीकरणमा ज्ञान, सीप र दक्षता अभिवृद्धिमा सहयोग पुर्‍याउने विश्वास व्यक्त गरिन ।

सम्मेलनले नीतिनिर्माता, अभ्यासकर्ता, विकास साझेदार, शिक्षाविद्, नागरिक समाज, निजी क्षेत्रका प्रतिनिधिहरू र सामुदायिक नेताहरूका लागि अनुभवहरू साझा गर्न, नवीन अभ्यासहरू र नेपाल बाहिरका विपद् जोखिम व्यवस्थापनबाट सिकेका पाठहरू साझा गर्न नेपालको प्रमुख प्लेटफर्मका रूपमा काम गर्ने जानकारी गराइएको छ । आजदेखि सुरु भएको सम्मेलन भोलिसम्म चल्नेछ । रासस

# मुख्यमन्त्री कार्यालयको सभाहलबाट प्रदेशसभाको बैठक

**बागमती ।**
बागमती प्रदेशसभाको बैठक हेटौँडा उपमहानगरपालिका–२ स्थित मुख्यमन्त्री कार्यालयको सभाहलबाट सञ्चालन गर्ने गरी प्रदेश सरकारले तयारी थालेको छ ।

जेन्जी आन्दोलनका क्रममा तोडफोड र आगजनीबाट प्रदेश सभाहल र प्रदेशसभा सचिवालय भवन ध्वस्त भएपछि तत्कालका लागि अस्थायी रूपमा मुख्यमन्त्री कार्यालयको नवनिर्मित सभाहलबाट बैठक सञ्चालन गर्नेगरी प्रदेश सरकारले तयारी थालेको हो । जेन्जी आन्दोलनका क्रममा क्षतिग्रस्त बनेको सो हललाई सामान्य मर्मत गरेर प्रदेशसभा सञ्चालन गर्ने तयारी भइरहेको प्रदेशसभा सचिवालयका सचिव रामकुमार पौडेलले जानकारी दिए ।

'अहिले सो भवनलाई मर्मत सम्भार, सरसफाइ र व्यवस्थापनको काम भइरहेको छ', सचिव पौडेलले भने, 'सो सभाहलमा रङ्ग लगाउने, फर्निचर व्यवस्थापनसँगै विद्युतीकरणको काम तीव्र रूपमा भइरहेको छ ।' सम्भवत छिट्टै काम सकिने र त्यसपछि बैठकमा बस्ने तयारी भइरहेको उनको भनाइ छ । हाल सो सभाहलको भौतिक पूर्वाधार मन्त्रालयको सहयोगमा सहरी विकास तथा भवन कार्यालयले सरसफाइ र रङ्गरोगन गरिरहेको छ । बैठक सञ्चालनका लागि आवश्यक पर्ने फर्निचर र अन्य प्राविधिक सामग्री तत्कालका लागि भाडामा लिएर वा अस्थायी रूपमा व्यवस्थापन गर्ने तयारी गरिएको सचिव पौडेलले बताए । आगजनीबाट जोगिएका केही ल्यापटप, डेक्सटप कम्प्युटरहरूबाट काम सुरु गरिएको उनको कथन छ ।

**असोजको अन्तिमतिर प्रदेशसभा बस्ने तयारी**

लामो समयदेखि बस्न नसकेको बागमती प्रदेशसभाको बैठक यही असोजको अन्तिमतिर बोलाउने तयारी भइरहेको छ । प्रदेशसभा सचिवालयका सचिव रामकुमार पौडेलका अनुसार दिपावली, तिहारभन्दा अघि नै प्रदेशसभाको बैठक बोलाउने तयारी भइरहेको छ । प्रदेशसभा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरूको केन्द्रीय तहमा बैठकहरू भइरहेकाले बैठकको मिति तय हुन नसकेको उनले बताए ।

प्रदेश सरकार र प्रदेशसभाका उपसभामुख अप्सरा चापागाईंले राजनीतिक दलका नेताहरूसँग परामर्श गरिरहेका र उनीसँगको परामर्शपश्चात प्रदेशसभाको बैठकको मिति तय हुने सचिव पौडेलको भनाइ छ ।

**सभामुखमा सत्तारुढ र प्रतिपक्षको दाबी**

बागमती प्रदेशसभाको सभामुख पदमा सत्तापक्ष र प्रतिपक्षले दाबी प्रस्तुत गर्ने भएको छ । जेन्जी आन्दोलनको क्रममा बागमती प्रदेशसभाका सभामुख भुवनकुमार पाठकले सामाजिक सञ्जालमार्फत राजीनामाको घोषणा गरेका थिए । असोज १ गते उपसभामुख अप्सरा चापागाईंलाई राजीनामापत्र बुझाएका थिए । यद्यपि उनको राजीनामा स्वीकृत भइसकेको छैन । अब बस्ने प्रदेशसभाको बैठकले सभामुख पाठकको राजीनामा स्वीकृत गर्दै नयाँ सभामुख चयनको प्रक्रिया सुरु हुने प्रदेशसभा सचिवालयका सचिव रामकुमार पौडेलले बताए ।

सभामुख चयनको प्रक्रिया सुरु हुने भएपछि सभामुखमा सत्तारुढ दल नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले) तथा प्रमुख प्रतिपक्ष दल नेकपा कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) ले दाबी प्रस्तुत गर्ने तयारी गरेको छ ।

केही दिनअघि बसेको कांग्रेस बागमती प्रदेश संसदीय दलको बैठकले सभामुख पदमा दाबी प्रस्तुत गर्ने निर्णय गरेको थियो । कांग्रेस बागमती प्रदेश संसदीय दलका नेता तथा मुख्यमन्त्री इन्द्रबहादुर बानियाँको अध्यक्षतामा बसेको बैठकले रिक्त सभामुख पदमा दाबी प्रस्तुत गर्ने निर्णय गरेको आर्थिक मामिला तथा योजनामन्त्री प्रभात तामाङले बताए । अर्को सत्तारुढ दल एमालेले सभामुखमा दाबी गर्ने बताएको छ । कांग्रेसले सरकारको नेतृत्व गरिरहेकाले सभामुख आफ्नो दलले पाउनुपर्ने तर्क एमालेका नेताहरूको छ ।

माओवादी केन्द्र बागमती प्रदेश संसदीय दलले रिक्त रहेको बागमती प्रदेशसभाको सभामुख पदमा दाबी प्रस्तुत गर्ने निर्णय गरेको छ । माओवादी केन्द्र बागमती प्रदेश संसदीय दलका प्रमुख सचेतक रत्नप्रसाद ढकालका अनुसार अहिले रिक्त रहेको सभामुख पदमा प्रमुख प्रतिपक्ष दल माओवादी केन्द्रले सशक्त दाबी प्रस्तुत गर्ने र त्यसका लागि प्रदेशसभाका प्रतिनिधित्व गर्ने सबै दलहरूसँग छलफल अघि बढाउने निर्णय गरेको छ । रासस

# युवा विद्यार्थीको ४० प्रतिशत सहभागिता माग

**काठमाडौँ ।**
नेपाली कांग्रेसको प्रमुख भ्रातृ संस्था नेपाल विद्यार्थी सङ्घ (नेविसङ्घ)ले पार्टीका विभिन्न निकायमा युवा विद्यार्थीको ४० प्रतिशत सहभागिता सुनिश्चित गराउन माग गरको छन् ।

गत भदौ २३ र २४ गते भएको जेन्जी आन्दोलनपछि पहिलोपटक बसेको नेविसङ्घको केन्द्रीय समितिको बैठकले राजनीतिक दलको पुनःसरचना प्रक्रिया अघि बढाई पार्टीका साथै संसद्, सङ्घ, प्रदेश र स्थानीय तहका निकायमा युवा तथा विद्यार्थीको कम्तीमा ४० प्रतिशत प्रतिनिधित्व सुनिश्चित गर्न माग गरेको हो ।

बैठकको निर्णयबारे जानकारी दिन सोमवार आयोजित पत्रकार सम्मेलनमा नेविसङ्घका अध्यक्ष दुजाङ शेर्पाले सबै राजनीतिक दलले आफ्ना विधान र नीतिगत दस्तावेजमा व्यापक परिमार्जन गरी पार्टीभित्र भ्रष्टाचार नियन्त्रणका लागि निष्पक्ष, पारदर्शी र प्रभावकारी आन्तरिक संयन्त्र स्थापना गर्नुपर्ने बताए ।

नेविसङ्घले पार्टीलाई भ्रष्टाचार र बेतिथिबाट मुक्त गर्दै सुशासन र पारदर्शिता प्रवद्र्धन गर्ने उद्देश्यका साथ, पार्टीका इकाई सभापति, क्षेत्रीय सभापति, जिल्ला सभापति, केन्द्रीय सदस्य, पदाधिकारी तथा केन्द्रीय सभापतिसम्मका सम्पत्तिको अद्यावधिक विवरण पार्टीले प्रत्येक वर्ष सार्वजनिक गर्नुपर्ने नीति अवलम्बन गर्नुपर्ने बताएको छ । यस्तै, जेन्जी आन्दोलनले उठाएको भ्रष्टाचार र बेतिथिविरुद्धको आवाजलाई संस्थागत अभियानका रूपमा नेविसङ्घले अगाडि बढाउने भएको छ । अध्यक्ष शेर्पाले भ्रष्टाचार नियन्त्रणसम्बन्धी विद्यमान कानूनलाई समयानुकूल परिमार्जन गरी थप प्रभावकारी, थप दण्डनीय र रोकथाममुखी बनाउन नेपाल सरकार एवम् सम्बन्धित निकायको ध्यानाकर्षण गराउने निर्णय बैठकले गरेको जानकारी दिए ।

नेविसङ्घले विस २०४६ सालदेखि हालसम्म सरकारमा रहेका व्यक्तिको सम्पत्तिको निष्पक्ष छानबिन गर्ने व्यवस्था मिलाउन मागसमेत गरेको छ ।

जेन्जी आन्दोलनमा घुसपैठ गर्ने, विभिन्न माध्ययमबाट हिंसा भड्काउने व्यक्तिलाई कानूनबमोजिम कारबाही गर्नसमेत नेविसङ्घले सरकारसँग माग गरेको छ । यस्तै, भदौ २३ गते युवा विद्यार्थीमाथि दमन गर्ने नेतृत्वलाई कडा कारबाही गर्नुपर्ने नेविसङ्घको माग छ ।

यस्तै, जेन्जी आन्दोलनका क्रममा आगजनी, तोडफोड र लुटपाटबाट सार्वजनिक तथा निजी सम्पत्ति जोगाउन योगदान पुर्‍याउने व्यक्तिहरूलाई पहिचान गरी सम्मान र संरक्षण गर्ने व्यवस्था मिलाउन सम्बन्धित निकायहरूलाई अनुरोध गरेको छ ।

नेविसङ्घले देशमा उत्पन्न राजनीतिक अविश्वास र दलप्रतिको जनअसन्तोषको मूल कारण नै उत्तरदायित्व, पारदर्शिता र आन्तरिक लोकतन्त्रको अभाव भएको ठहर गर्दै राजनीतिक दलसम्बन्धी ऐन, २०७३ र निर्वाचनसम्बन्धी व्यवस्थामा आवश्यक संशोधन गरी दलहरूलाई उत्तरदायी, पारदर्शी र जनमुखी बनाउने कानूनी कार्यन्वियन सुनिश्चित गर्नुपर्ने बताएको छ । रासस

# ‘माग अनुसार माटोका सामग्री बनाउन सकस’



**भादगाउँ ।**
भक्तपुरको च्याम्हसिंहकी इन्दिरा प्रजापति पछिल्लो बिहान ४ बजे नै उठ्छन् । उनि तिहारको लागि आवश्यक माटोका भाँडा बनाउन कुम्हाःया घचा (कुम्हालेको चक्र)मा बसछन् । तिहार नजिकिएसँगै इन्दिरालाई माटोको पालालगायतका सामाग्री बनाउन भ्याइनभ्याई छ । त्यसैले उनको दैनिक दिनचर्या बिहान ४ बजेदेखि नै शुरु हुन्छ । एकल महिला भएका कारण पनि उहाँलाई बेफुर्सदीले सताएको हो ।

‘तिहारमा पालाको माग अत्याधिक मात्रामा हुने भएकाले यो समय कुमालहरुले अन्य भाँडा बनाउने काम गर्दैनन्,’ उनले भने, ‘एकल महिला हुँ । सबै आफैँले गर्नुपर्छ । त्यसैले बिहान ४ बजे नउठे माग अनुसारको माटोको तिहार सामग्री बनाउन सकस पर्छ ।’छोराछोरी सबै विद्यालय जाने भए तापनि बिदा र फुर्सदको समयमा छोराछोरीले पनि सघाउने गरेको उनले बताए ।

भक्तपुर तालाक्कका विनोदकुमार प्रजापतिलाई पनि तिहारको सामगी तयार गर्न भ्याइनभ्याई छ । ‘वर्षमा एकचोटी आउने तिहारमा हो, माटोको भाँडाबाट मनग्ये आम्दानी हुने । त्यसैले भ्याइनभ्याई त हुनैपर्यो नि’, उनि भन्छन् ।नेपालीहरुको दोस्रो ठूलो पर्व तिहार नजिकिएसँगै बजारमा माटोका विभिन्न प्रकारका भाँडाकुँडा र तिहारका सामग्रीको माग बढेकोले यतिबेला यहाँका कुमालहरुलाई भ्याइनभ्याई छ । तिहार आउन एक साता पनि समय छैन । अबको दुई या तीन दिनभित्र माग अनुसारको सामग्री दिन नसके बनाएको व्यर्थ हुने भएकाले पनि भक्तपुरका कुमालहरुलाई माटोका तिहार सामग्री बनाउन चटारो परेको छ ।

माग धान्न कुमालले परिवारका महिला पुरुष मात्र होइन केटाकेटीसमेत माटोका सामग्री तयारीमा जुट्ने गरेका छन् ।अहिले यहाँको तालक्क मात्र होइन सूर्यमढी, लिवाली, तुमुचो, च्याम्हासिहं र सूर्यविनायकका कुमालहरुले अन्य भाँडा बनाउने कार्यलाई थाँती राख्दै पाला बनाउने कार्यमा तल्लिन छन् । उनीहरु दैनिक अन्य कामलाई मात्र होइन, दसैँको नखःत्या (दसैँको पाहुना आउँजाउ) समेतलाई थाँती राखी तिहारका लागि आवश्यक सामग्री तयार गर्न व्यस्त छन् ।

पोटरी स्क्वायरको नामले विश्वसामू परिचित भक्तपुरको तालक्कका अर्का कुम्हाले रामप्रसाद प्रजापतिलाई भर्खर सकिएको दसैँको नखःत्या जाने फुसदसमेत छैन । त्यसैले ससुराली र मामाघरका समेत दसैँको नखःत्या नगइ माटोको भाँडा बनाउन कुमालहरु व्यस्त रहने गरेको उनले बताए ।‘यो काममा परिवारका सबै सदस्य एकजुट भएर लागि परेकोले दसैँको नखःत्यासमेत जान भ्याएको छैन,’ उनले भने, ‘मेरो मात्र होइन यहाँका अधिकांश कुमालहरु यतिबेला अन्य सबै काम थाँती राखी तिहारका लागि सामग्री तयार गर्न व्यस्त छन् ।’बिहान सबेरै उठ्यो । अघिल्लो दिन नै तयार गरी राखेको माटोलाई थप तयार गरी पाला बनाउने, सुकाउने र सुकिसकेको पालालाई पोलेर तयार गरी माग अनुसार बजार पठाउने काममा नै दिन बित्ने गरेकोले अहिले अन्य भाँडाकुँडा बनाउने फुर्सद नभएको उनले बताए ।

तिहारको लागि एकमुखे पाला, दुईमुखे पाला, तीनमुखे पाला र चारमुखे पालासँगै धुपौरो, धूप राख्ने प्लेट, माटोको सुकुन्दा, बुट्टापाला बनाउन भ्याइनभ्याई भएको तालक्कका विनोद कुमारले बताए । भक्तपुरमा उत्पादन हुने माटोका तिहारका सामग्री काठमाडौँ उपत्यकालगायत देशका विभिन्न सहरमा पुग्ने गरेको भक्तपुरका कुमालहरु बताउँछन् । ‘यहाँ उत्पादन भएका सामग्री चितवन, धाडिङ, पोखरा, काभ्रे, नौबिसे पठाउँछौँ,’ विनोद कुमारले भने ।

बजारमा बढी माग भनेको एकमुखे र चारमुखे पाला, धुपौरो र सुकुन्दाको बढी माग रहेको उनले बताए । बजारमा जतिसुकै आधुनिक र विद्युतीय सामग्री आए पनि परम्परा अनुसार चल्ने भएकोले त्यति धेरै असर यो व्यवसायमा नपरेको उनले बताए । बजारमा पालाको मूल्य काँचो भए सानो आकारको दुई रुपैयाँ र पोलेको भए दुई रुपैयाँ ५० पर्ने उहाँ बताउछन् ।

उनका अनुसार अहिले पालाको आकार र डिजाइन अनुसार दुई रुपैयाँदेखि २५ रुपैयाँसम्म, धुपौरो २५ र ५० रुपैंया, धूप राख्ने प्लेट ५० र १०० रुपैँया र सुकुन्दा १५०, २५०, ३५० र एक हजार रुपैँयासम्मको पाइन्छ । तिहारमा विद्युतीय रङ्गीचङ्गी बत्ती बालेर झिलिमिली पार्ने गरेपनि पालामा दियो बाल्नुपर्ने परम्परा भएकाले तिहारमा बर्सेनि पालाको माग बढ्ने गरेको तालक्कै पञ्चमाया प्रजापतिले बताए । उनले पछिल्लो सयम विद्युतीय सामानसँगै मैनबत्ती बाल्ने प्रचलन देखिए पनि दियो जस्तो सुरक्षित नभएपछि पालाको माग बढेको तर्क गरे ।

भक्तपुरमा तयार गरिएका पाला होलसेल व्यापारीलाई बिक्री गरिन्छ । होलसेल व्यापारीले पालाको साइज अनुसार ठूलो सानो हेरी मूल्य निर्धारण गरेर त्यसमा केही मुनाफा राखेर काठमाडौँ उपत्यकाका विभिन्न स्थानका बिक्रेतामार्फत उपभोक्ता माझ पु¥याउने गरेको उनले बताए । उनले बजारको माग र उत्पादनको अनुपातले बजार मूल्य निर्धारण गर्ने भएकाले स्थान विशेषका आधारमा पालालगायत माटोका तिहारका सामग्रीको मूल्य फरक पर्नसक्ने बताए । ‘ढुवानीका कारणले पनि बजारमा मूल्य फरक हुनसक्छ,’ उनले भने,तिहार विशेषगरी धनकीदेवी लक्ष्मीको पूजा गर्ने पर्व पनि भएकाले तिहारमा फलफूल, सयपत्री फूलसँगै झिलिमिली बत्ती बाल्ने गरिन्छ । धनकीदेवी लक्ष्मीलाई घरमा भित्र्याउन तिहारमा झिलिमिली बत्ती बाल्ने परम्परा रहेको छ । तिहारको लक्ष्मी पूजाको दिन दिपावली गर्न घरको दैलो, झ्याल ढोका, कौशी, बरण्डालगायतका स्थानमा पालाको दियो बाली झिलिमिली पार्ने परम्परा रहेको छ ।रासस

# एक अर्ब ९४ करोड ६० लाखको आलु उत्पादन



**बागलुङ।**
यस वर्ष एक अर्ब ९४ करोड ६० लाख मूल्य रुपैयाँ बराबरको आलु उत्पादन भएको छ । यहाँका किसानले बर्खे र हिउँदे गरी दुई याममा आलुखेती गर्दै आएका छन्।

हिउँदेभन्दा बर्खे आलु उत्पादन बढी हुने गरेको छ । आलु उत्पादनका हिसाबले जिल्लाको माथिल्लो क्षेत्र उपयुक्त रहेकाले बर्सेनि करोडौँ मूल्य बराबरको आलु उत्पादन हुने गरेको छ । कृषि ज्ञान केन्द्र बागलुङले आलुखेतीमा लगानी गर्दै आएपछि किसानसमेत यसतर्फ आकर्षित भएका छन् । यहाँको तमानखोला, ताराखोला, निसीखोला, काठेखोला गाउँपालिका, ढोरपाटन र गलकोट नगरपालिकालगायत क्षेत्रमा आलु उत्पादन बढी हुने गर्छ । यस वर्ष दुई हजार ८६० हेक्टर क्षेत्रफलमा आलु लगाइएकामा ५५ हजार ६०० मेट्रिकटन उत्पादन भएको कृषि ज्ञान केन्द्र बागलुङका सूचना अधिकारी सन्तोष अधिकारीले जानकारी दिए । अघिल्लो वर्षको तुलनामा यसवर्ष खेती गरेको क्षेत्री र उत्पादनमा कमी आएको उनको भनाइ छ।

उनका अनुसार गत वर्ष तीन हजार ७०० हेक्टर क्षेत्रफलमा आलु लगाइएको थियो भने ५६ हजार २४० मेट्रिकटन उत्पादन भएको थियो । गत वर्षको तुलनामा यस वर्ष ८४० हेक्टर कम क्षेत्रफलमा आलु लगाइएको थियो।

किसानले उत्पादन गरेको आलु प्रति किलो ३५ रुपैयाँमा विक्री भएको अधिकारीले जानकारी दिए।

ज्ञान केन्द्रले आर्थिक वर्ष २०८०–८१ मा दुई करोड ६० लाख रुपैयाँ, २०८१–८२ मा एक करोड ५९ लाख रुपैयाँ र चालु आर्थिक वर्षमा ५५ लाख ९० हजार रुपैयाँ लागतमा नयाँ क्षेत्र विस्तार गरेको छ।

‘बागलुङको माथिल्लो क्षेत्र आलु उत्पादनका लागि उपयुक्त हावापानी छ, यहाँ खायन आलु राम्रो उत्पादन हुने गरेको छ, किसानहरु उत्साहित भएर लाग्नुभएको छ, तीन वर्षदेखि यसको क्षेत्र विस्तार र उत्पादन बढाउनका लागि हामीहरु लागि रहेका छौँ’, अधिकारीले भने, ‘खायन आलु क्षेत्र विस्तारसँगै नयाँ प्रविधिको प्रयोग, मलखाद व्यवस्थापन गर्ने, सिँचाइ व्यवस्थापन गरी उन्नत जातको बीउ लगाइने छ, यस वर्ष थप ४३ हेक्टर क्षेत्रफलमा खायन आलु लगाउने लक्ष्य छ।’

यहाँ उत्पादित आलु बागलुङ, बुटवल, चितवनलगायत सहरमा पुग्ने गरेको छ । किसानले अघिल्लो वर्ष हिउँदे आलु प्रतिकिलो ४० र बर्खे आलु प्रतिकिलो ५० रुपैयाँमा बिक्री गरे पनि यस वर्ष ३५ रुपैयाँमात्रै मूल्य पाएको ज्ञान केन्द्रले जनाएको छ । आलु लगाउने बेला लामो समय खडेरी पर्दा यसवर्ष उत्पादनमा थोरै गिरावट आएको हो । रासस

# बीउ बिक्रीबाट किसानको आम्दानी वृद्धि

**सुदूरपश्चिम।**
कैलालीको गोदावरी नगरपालिका—८ का किसान बुद्धिराम चौधरी गुणस्तरीय बीउ बिक्रीबाट आम्दानी बढ्न थालेपछि बीउ खेतीमै रमाइरहेका छन् । गुणस्तरीय बीउ तयार पार्न बीउ कम्पनीको प्राविधिक सहयोगमा उनको खेतमा यतिबेला गरिएको हर्दिनाथ —६ र सर्जू—५२ जातको धानखेती सप्रेको छ। उहाँ गहुँको मूलबीउ पनि उत्पादन गर्दै आएका छन् ।वार्षिक प्रतिकठ्ठा रु एक हजार पाँचसयमा अढाई बिघा जग्गा भाडामा लिई मूल बीउका लागि खेती गर्दै आएका उनले भने ‘गुणस्तरीय बीउ उत्पादनमा मेहनत, सिँचाइ, मलखाद, खनजोत लगायतको लागत खर्च कटाएर वार्षिक तीन देखि चार लाख रुपैयाँ बचत भइरहँदा सन्तुष्ट छु,, अझैँ थप जग्गा भाडामा लिएर बिजवृद्धि गर्ने लक्ष लिएको छु।’

जिल्लाको पूर्वी क्षेत्र जानकी गाउँपालिकाको मुनुवा गाउँका विजयकुमार कठरिया पछिल्ला वर्षमा कैलाली जिल्ला धान र गहुँको गुणस्तरीय बीउ उत्पादनमा आत्मनिर्भर बनेको बताउछन् । उनले आफ्नो तीन बिघा जग्गामा यतिबेला सर्जु—५२ र चैते—५२ जातको धानबालीको बिजवृद्धि गरिरहेका छन्।

बिजवृद्धि सहकारी संस्था, मुनुवाका अध्यक्षसमेत रहेका कठरियाले भने ‘बिजवृद्धि कार्यक्रममा समेटिएका किसानले उत्पादन गरेको विभिन्न बालीको बीउ सहकारी संस्थाले खरिद गरिदिँदा किसानले उचित मूल्य पाएर उनीहरुको आम्दानी वृद्धिमा सहयोग मिलेको छ, बिजवृद्धिमा लागेका किसानको सहुलियत मूल्यमा पाकेको बालीको थ्रेसिङ गर्ने, खेतको खनजोत गर्ने जस्ता सहयोग पनि संस्थाले उपलब्ध गराइरहेको छ।’

सहकारी संस्था र बीउबिजन कम्पनीले बिजवृद्धिमा लागेका किसानको बीउ सरकारले तोकेको मूल्य भन्दा बढी मूल्यमा खरिद गरी बजारमा बिक्रीका लागि पठाउने गर्छन् । ‘देशमा कृषि क्रान्ति गर्नुपर्छ भनेर किसानलाई उठाउने अभियानमा हामी लागेका छौं’ कठरियाले भने ‘जिल्लामा उत्पादन भएको गहुँ, धान, दलहन र तेलहनको गुणस्तरीय बीउ सर्लाही, सप्तरी, सुर्खेत, पाल्पा जिल्लाबाट माग आउँदा बिजवृद्धिमा लागेकाहरुमा हौसला मिलेको छ।’

किसानले बिजवृद्धिबाहेक आफ्नो घरायसी उपभोगका लागि पनि खाद्यानको खेती गर्दै आएका छन् । बिजविद्धि सहकारी संस्था मुनुवामा समेटिएका किसानले एक सय हेक्टर जग्गामा बिजवृद्धि गरिरहेका छन् ।बिजवृद्धिमा लाग्दा कृषि उपजको उचित मूल्य पाइरहेको भए पनि समयमै



मलखादको अभावको समस्या झेल्नु परेको किसानले बताएका छन्।

कैलाली जिल्लामा वर्षभरिमा झण्डै ३६ हजार क्विन्टल धान र ४५ हजार क्विन्टल गहुँको गुणस्तरीय बीउ आवश्यकता पर्ने गरेकोमा उक्त परिमाण भन्दा बढी बीउ उत्पादन भइरहेको छ । गहुँको उन्नत बीउ उत्पादनको हकमा कैलाली जिल्ला देशमै पहिलो स्थानमा छ’ कृषि निर्देशनालय दीपायलका निर्देशक खगेन्द्रप्रसाद शर्माले भने ‘गहुँ र धानको गुणस्तरीय बीउ उत्पादनमा जिल्ला आत्मनिर्भर भइसकेको छ।’

जिल्लामा झण्डै ७२ हजार ५०० हेक्टर जग्गामा बर्खे धानखेती र ३५ हजार हेक्टरमा गहुँखेती हुने गरेको छ।

कतिपय क्षेत्रमा बर्खे धान र चैते धान गरेर वर्षमा दुई पटक धानखेती हुने गरेको छ । प्रति हेक्टरमा धानखेती गर्न ५० किलो र गहुँखेती गर्न १२० किलो गुणस्तरीय बीउ आवश्यक पर्ने कृषि प्राविधिको भनाइ छ।

सरकारी स्वामित्वको बीउबिजन कम्पनीले उन्नत बीउको उत्पादन र बिक्री गर्दै आएकोमा पछिल्ला वर्षमा सहकारी संस्था, निजी बीउबिजन कम्पनी, र किसान समूहलेसमेत गुणस्तरीय बीउ उत्पादन गर्दै आएका छन्।

कतिपय बीउ कम्पनीले सरकारबाट अनुमति लिएर धान र मकैमा हाइब्रिड उत्पादनसमेत गर्न थालेका छन् । खाद्यान्ह बालीको उत्पादन र उत्पादकत्व बढाउन नयाँ जातको बीउको विकास भएको मात्र नभइ खेती गर्न नयाँ–नयाँ प्रविधिसमेत भित्रिन लागेकोले खेती गर्दा लागत खर्चपनि घटेको बताइन्छ । घरमै राखिएको स्थानीय जातको बीउको प्रयोग गर्दाको तुलनामा उन्नत बीउको प्रयोगले धान र गहुँबालीको उत्पादकत्व पनि वृद्धि भइरहेको छ।

पञ्चशक्ति सिड कम्पनी धनगढीका प्रमुख विष्णुराज बुर्लाकोटी जिल्लामा उत्पादन भएको बढी परिमाणमा गहुँ र मकैको बीउ जिल्ला बाहिर जाने गरेको बताउछन्।

उन्नत बीउको प्रयोग बढेसँगै रैथाने जातको कालो धान, आइरेट, गुर्रा, राइमनुवा, सौंटेरी जस्ता धानको बीउ भने हराउन थालेको किसानको भनाइ छ । कृषि प्राविधिक स्थानीय जातको बीउ प्रयोग गर्दा हुने उत्पादकत्वको तुलनामा उन्नत जातको बीउ प्रयोगले २० देखि २५ प्रतिशतले उत्पादकत्व वृद्धि हुने गरेको बताउँछन्।

बालीको उत्पादकत्व वृद्धि भइरहेको भए पनि नेपालमा बर्सेनि ठूलो परिमाणमा खाद्यान्ह विदेशबाट आयात भइरहेको तथ्याङ्क छ ।रासस

# सामानमा अधिकतम् खुद्रा बिक्री मूल्य राख्न आग्रह

**काठमाडौँ।**
वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले चाडपर्वको समयमा बिक्री वितरण हुने सामानमा अधिकतम् खुद्रा बिक्री मूल्य राख्न सम्वद्ध सबैमा पुनःध्यानाकर्षण गराएको छ।
नियमित बजार अनुगमनका क्रममा विशेष गरी तिहारको अवसरमा प्रयोग गरिने भाई मसला, तामा–चाँदीका भाँडा तथा झिलिमिली बनाउन प्रयोग हुने विद्युतीय सामग्रीलगायत अन्य विभिन्न वस्तुमा अधिकतम् खुद्रा बिक्री मूल्यसहितको लेबल र मूल्य सूची नराखेको पाइएको विभागले जनाएको छ।
विभागले बजारमा माग र आपूर्तिबीच सन्तुलन कायम गरी मूल्य स्थिरता कायम गर्न प्रयासरत रहेको उल्लेख गरेको छ । त्यसका लागि व्यापारिक सङ्घ, सङ्गठन र व्यवसायीका साथै उपभोक्तावादी सङ्घ, सङ्गठन र उपभोक्ताको उत्तिकै महत्त्वपूर्ण योगदान रहने विभागको भनाइ छ।
उपभोक्ता वर्गले खरिद गर्ने वस्तुमा अधिकतम खुद्रा बिक्री मूल्यसहितको लेबल भएको वा मूल्य सूची राखिएको वस्तु खरिद गर्न हुन विभागले स्मरण गराएको छ । उपभोक्तहरूको कुनै गुनासो भए विभागको टोल फ्रि नम्बर ११३७ मा जानकारी गराउनसमेत अनुरोध गरेको छ। रासस

# पाँच हजार ५४७ कैदीबन्दी अझै फरार

**काठमाडौँ।**
भदौ २३ र २४ गतेको जेनजी आन्दोलनका कारण देशभरका कारागारबाट भागेकामध्ये पाँच हजार ५४७ कैदीबन्दी अझै फरार छन्।
कारागार व्यवस्थापन विभागले फरार कैदीबन्दीलाई कारागार फिर्ता ल्याउन अझ प्रभावकारी बनाउने जनाएको छ । आइतबारको गृहमन्त्री स्तरीय बैठकले कैदीबन्दीलाई कारागारमा फिर्ता ल्याउन केही महत्त्वपूर्ण निर्णय गरेको समेत विभागले स्पष्ट पारेको छ । हालसम्म नौ हजार आठ जना कैदीबन्दी कारागार फिर्ता भएको विभागले जनाएको छ।
फरार कैदीबन्दीको सम्बन्धमा सम्बन्धित कारागार कार्यालयबाट प्राप्त नामावलीसहितको विवरण गृह मन्त्रालयमार्फत् निर्वाचन आयोग, सुरक्षा निकायमा उपलब्ध गराइनेछ।
अध्यागमन विभाग, भूमि व्यवस्थापन तथा अभिलेख विभाग, यातायात व्यवस्थापन विभाग, राहदानी विभाग, वैदेशिक रोजगार विभाग, श्रम विभाग, नापी विभागलगायतका सेवाग्राहीको आवागमन धेरै हुने निकाय र ७७ वटै जिल्ला प्रशासन कार्यालयमा पठाउने जनाइएको छ । फरार कैदीबन्दीको विवरण विभागको बेवसाइटमा प्रकाशित गरिनेछ।
त्यसैगरी जिल्लास्थित सार्वजनिक निकायमा विवरण उपलब्ध गराउने र कुनै सार्वजनिक सेवा लिन आएको खण्डमा पक्राउ गरिनेछ । फरार कैदीबन्दीहरूको खोजी तथा पक्राउ अभियानलाई अझ नियमित, सशक्त र समन्वयात्मक रूपमा अघि बढाउने निर्णय भएको विभागले जनाएको छ।रासस

# देखतभूलीमा घरमै सुत्केरी हुने शून्य

**कञ्चनपुर।**
लालझाडी गाउँपालिका–५ देखतभूलीस्थित स्वास्थ्य चौकीमा चौविस घण्टे 'बर्थिङ सेन्टर' सञ्चालनमा आएपछि घरमै सुत्केरी हुने महिला शून्य रहेको छ । सुरक्षित रुपमा सुत्केरी हुनका लागि महिला 'बर्थिङ सेन्टर' पुग्ने गरेका छन् । आमा सुरक्षा कार्यक्रमअन्तर्गत
सञ्चालनमा रहेको २४ घण्टे बर्थिङ सेन्टरका कारण यो क्षेत्र 'शून्य होम डेलिभरी क्षेत्र' का रूपमा परिचित बन्दै गएको छ।
स्वास्थ्य चौकीका प्रमुख लीलाकान्त झाका अनुसार बर्थिङ सेन्टरमा हरेक दिन चौबिसै घण्टा सेवा उपलब्ध हुने व्यवस्था गरिएको छ । उनले भने, 'दुर्गम र सीमावर्ती क्षेत्र भएकाले महिलालाई टाढा अस्पताल लैजान कठिन हुने हुँदा यहाँका गर्भवती महिलाले नजिकै सुरक्षित र निःशुल्क सेवा पाउँदै आएका छन्।'
चौकीमा कार्यरत स्वास्थ्यकर्मीलाई पालै–पालो खटाइने भएकाले चाडपर्वमा पनि सेवा अवरुद्ध नहुने उनको भनाइ छ । लालझाडी गाउँपालिका मात्र नभइ शुक्लाफाँटा र कृष्णपुर नगरपालिकाका गर्भवती सुरक्षित सुत्केरी सेवाका लागि देखतभूली स्वास्थ्य चौकीमा आउने गरेका छन् । स्वास्थ्य चौकीको वार्षिक तथ्याङ्कअनुसार चालु आवको हालसम्म एक सय ३० भन्दा बढी महिलाले सुरक्षित प्रसूतिसेवा केन्द्रमार्फत लिएका छन्। मातृ तथा शिशु मृत्यु दर शून्य रहेको यस क्षेत्रमा घरमै सुत्केरी हुने कार्य पूर्णरूपमा अन्त्य भएको प्रमुख झाले जानकारी दिए।
उनका अनुसार प्रसूति सेवा नियमित र गुणस्तरीय भएको कारण महिला स्वास्थ्य संस्थामै सुत्केरी हुने प्रवृत्तिमा जोड दिइरहेका छन्।
यसले सुरक्षित मातृत्वका साथै नवजात शिशुको स्वास्थ्य सुधारमा पनि सकारात्मक प्रभाव पारेको उनको भनाइ छ।'घरमै सुत्केरी हुने चलन समाप्त हुनु सिङ्गो समुदायको स्वास्थ्य सचेतनाको उपलब्धि हो,' उनले भने, 'महिला स्वास्थ्य स्वयंसेवीका, स्वास्थ्यकर्मी र वडाका भद्रभलादमीको अथक प्रयासले घरमै सुत्केरी हुनेकार्य बन्द भएको छ,अब हाम्रो लक्ष्य सुरक्षित प्रसूतिसँगै मातृ स्वास्थ्यको थप सुदृढीकरण गर्ने हो।'
उनका अनुसार बर्थिङ सेन्टरमार्फत जन्मिने शिशुमध्ये बालिकाको संख्या बालकको भन्दा बढी रहेको तथ्याङ्कले देखाएको छ । यसले महिलामाथिको सामाजिक दृष्टिकोणमा सकारात्मक परिवर्तन आएको पनि सङ्केत गर्छ । स्थानीय महिलाले सेवा पाउँदा राहत महसुस गरेको बताउँदै देखतभूलीका बन्तो रानाले भने 'पहिले बर्थिङ सेन्टर नहुँदा धेरै जनाले जोखिम मोल्दै असुरक्षित तरिकाले घरमै सुत्केरी हुन्थ्ये, केही टाढाका अस्पताल जानुपर्ने बाध्यता रहेको थियो, अहिले घर नजिकै सुरक्षित प्रसूति सेवा पाइन थालेपछि निकै सहज भएको छ।' लालझाडी गाउँपालिकाको स्वास्थ्य क्षेत्रमा देखतभूली स्वास्थ्य चौकी उदाहरणीय बनेको छ । मातृ तथा शिशु मृत्यु दर शून्य, घरमै सुत्केरी हुने प्रथा समाप्त र २४ घण्टे सेवा निरन्तर सञ्चालन हुनु यस क्षेत्रको महत्वपूर्ण उपलब्धि मानिएको छ।रासस

# मेची राजमार्गको राजदुवाली खण्ड तत्काल नखुल्ने

**इलाम।**
असोज १८ गतेको वर्षापछि पहिरोका कारण अवरुद्ध मेची राजमार्गअन्तर्गत इलाम नगरपालिका–९ स्थित इलाम–राजदुवाली सडकखण्ड तत्काल सञ्चालनमा ल्याउन नसकिने भएको छ । जटिल भू–संरचनाका कारण सडक खुलाउन नसकिएको प्रमुख जिल्ला अधिकारी सुनिता नेपालले बताए।
उनका अनुसार सडक खुलाउने प्रयास निरन्तर भइरहे पनि भूस्खलन र लगातार सडक भासिने समस्याले कठिनाइ भएको हो। 'सडक खुलाउने प्रयास निरन्तर भइरहेको छ, तर भू–संरचनाको जटिलताका कारण तत्काल सञ्चालनमा ल्याउने अवस्था छैन,' प्रजिअ नेपालले भने।
सडक अवरुद्ध भएपछि विगत नौ दिनदेखि झापा, इलाम, पाँचथर र ताप्लेजुङका यात्रु तथा सवारी आवागमनमा समस्या भएको छ । यसैबीच, वैकल्पिक मार्गको पहिचान गरी साना सवारी सञ्चालनको तयारी शुरु गरिएको प्रजिअ नेपालले बताए। तत्कालका लागि आइतबार तिल्केनी–बज्रदेवी–नामसालिङ–न याँबजार–फिक्कलको रुटमा साना सवारी सञ्चालनमा ल्याइएको भएपनि सोमबारदेखि तिल्केनी–सिमलगो सडक खण्ड हुँदै साना सवारी सञ्चालन गर्ने तयारी भइरहेको प्रजिअ नेपालले जानकारी दिए।
'तिल्केनी–सिमलगोलाई सडकअन्तर्गत जोगमाई खोलामा सडक डिभिजनमार्फत ह्युमपाइप राखेर डाइभर्सनको काम आइतबारदेखि नै शुरु गरिएको छ,' उनले भने, 'सम्भवत सोमबार देखि सो सडक हुँदै साना सवारी सञ्चालन हुनेछन्।'



ठूला तथा मालवाहक सवारीका लागि भने हालसम्म उपयुक्त वैकल्पिक मार्ग पहिचान गर्न नसकिएको नेपालको भनाइ छ । तिल्केनी–बज्रदेवी–नामसालिङ–नयाँब जार–फिक्कल र तिल्केनी–सिमलगोलाई सडकमा तीव्र मोड र साँघुरोपनाका कारण ठूला सवारीका लागि कठिनाइ हुने अवस्था रहेको उनले बताए।
सडक डिभिजन कार्यालय इलामले मेची राजमार्गको राजदुवाली सडकखण्ड पुनःनिर्माणको काम हालका लागि स्थगन गरेको छ । राजदुवालीमा भूसंरचनाका कारण समस्या भएको र तत्कालन वैकल्पिक मार्गमा नै श्रोतसाधन र जनशक्ति परिचालन गर्नुपर्ने भएकाले राजदुवाली सडकखण्ड पुनःनिर्माण स्थगन गरिएको सडक डिभिजनका सूचना अधिकारी इञ्जिनयर अर्जुन घिमिरेले बताए।
'हामी अहिलेसम्म राजदुवाली खण्ड खुलाउने प्रयासमा लाग्यौँ, तर सफल हुन सकिनौँ,' घिमिरेले भने, 'अहिले वैकल्पिक मार्गमा स्रोतसधान र जनशक्ति परिचालन गरेका छौँ, त्यो सकेपछि पुनः राजदुवाली खण्ड पुनःनिर्माणमा लाग्नेछौँ।'

**पुवाखोलामा स्थानीयद्वारा काठको पुल निर्माण**

इलाम सदरमुकामदेखि झापाको विर्तामोड जोड्ने छोटो दुरीको मेची करिडोर (केचना–कञ्चनजङ्घा सडक) अन्तर्गत पुवाखोलामा स्थानीय बासिन्दाले श्रमदानमार्फत काठको पुल निर्माण गरेका छन्। इलाम नगरपालिका–९ भाङटार र वडा नं. ११ सोयाक जोड्ने पुवाखोलाको बेलिब्रिज गत असोज १८ गतेको भीषण वर्षापछि आएको बाढीले बगाएपछि गाउँलेहरुले वैकल्पिक रुपमा काठको मोटरेबल पुल तयार गरेका हुन्।
स्थानीय युवा रोशन राईको नेतृत्वमा सोयाकबासी र नेपाली सेनाको सहयोगमा ५० फुट लम्बाइ र आठ फिट चौडाइको काठको पुल निर्माण गरिएको हो । पुल निर्माणका लागि स्थानीयबासीले पाँच दिन लगातार श्रमदान गरेका थिए।
बाढीले बेलिब्रिज बगाएपछि सदरमुकामसँग सडक सञ्चाल विच्छेद भएकाले तत्कालका लागि काठको पुल निर्माणमा जुटेको अभियानका नेतृत्वकर्ता राईले बताए।रासस

# फेमे खोलामा 'डाइभर्सन' निर्माण हुँदै

**पाँचथर।**
फिदिम–फालोट
सडकअन्तर्गत फेमे खोलामा अस्थायी डाइभर्सनमार्फत यातायात सुचारु गर्न लागिएको छ । यहाँ पूर्वाधार विकास कार्यालय पाँचथरले धमाधम डाइभर्सन निर्माणको काम गरिरहेको छ।
असोज १८ गते आएको बाढीले डाइभर्सन बगाएपछि यहाँ सडक अवरुद्ध छ। फिदिम नगरपालिका–१ र ११ को सीमामा पर्ने फेमे खोलामा २० वटा ह्युम पाइपमार्फत डाइभर्सन निर्माण भइरहेको हो । डाइभर्सन र पहुँच मार्ग निर्माणको काम सोमबारसम्ममा सम्पन्न गर्ने योजना रहेको पूर्वाधार विकास कार्यालय पाँचथरका इञ्जीनीयर मुकेश शाहले जानकारी दिए।



यस सडकले फिदिम नगरपालिका १० देखि १३ नम्बर वडा तथा फालेलुङ गाउँपालिका–३ देखि ८ लाई सदरमुकामसम्म जोड्छ । फेमे खोलामा सडक अवरुद्ध भएपछि खोलाको वारिपारी रहेका सवारीसाधनले यात्रुलाई गन्तब्यसम्म पु¥याउँदै आएका छन्।
यात्रुले करिब १५ मिनेट पैदलयात्रा गरेर खोला पार गर्दै आएका छन्। गत बिहीबारदेखि डाइभर्सन र पहुँच मार्ग निर्माणको काम भइरहेको छ । गत वर्षको असोज १२ गते आएको बाढीले यहाँ रहेको सडक पुल बगाएको थियो । सडक पुल बगेपछि यहाँ अस्थायी डाइभर्सनबाट यातायात सञ्चालन हुँदै आएकोमा गत जेठमा स्थायी डाइभर्सन निर्माण गरिएको थियो।
उक्त स्थायी डाइभर्सन असोज १८ गतेको बाढीले बगाएको हो।
यहाँ बेलिब्रिज जडानको प्रक्रिया अघि बढे पनि बजेट अभावका कारण काम हुन सकेको छैन। बाढीले डाइभर्सन बगाएपछि यात्रुहरु आवतजावत गर्नका लागि नेपाली सेनाको फिदिमस्थित वीरदल गणले फड्के निर्माण गरेको छ । तर सामग्री ढुवानी तथा स्थानीय उत्पादनको निकासी, बिरामी तथा असक्तलाई खोला पार गराउन समस्या पर्ने गरेको फिदिम–११ का लोकबहादुर बुढाथोकीको भनाइ छ।रासस

# झाडी फाडेर फलफूलखेती

**म्याग्दी।**
बेनी नगरपालिका र अन्नपूर्ण गाउँपालिकासहित गण्डकी प्रदेशको १० जिल्लाका ३४ ा स्थानीय तहमा पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना (नाफा) सञ्चालन भएको छ।
कास्कीको पोखरा महानगर र पर्वतको जलजला गाउँपालिकामा दुई वर्षअघि शुरु भएको आयोजना लागू भएका स्थानीय तहको संख्या चालु आर्थिक वर्ष २०८२–८३ मा ३४ पुगेको छ । कूल ९३ दशमलब ४५ मिलियन अमेरिकी डलर लागत अनुमान गरिएको आयोजना आर्थिक वर्ष २०८२ – ०३ मा गण्डकी प्रदेशका म्याग्दी, बागलुङ, मनाङ र मुस्ताङका १९ स्थानीय तहमा विस्तार भएको हो । यसअघि १६ स्थानीय तहमा लागू भएको थियो।
नेपाल सरकार र एसियाली विकास बैंकको साझेदारीमा सञ्चालित आयोजनामार्फत १० प्रजातिका फलफूलखेती विस्तार गर्न कृषि फार्म, सहकारी र समूहले ५० प्रतिशत अनुदान पाउने आयोजना प्रमुख वासुदेव काफ्लेले जानकारी दिए।
'पहाडी क्षेत्रमा ओखर, सुन्तला, कागती, किबीलगायत फलफूलखेती विस्तार र प्रवद्र्धन गर्ने कार्यक्रमको उद्देश्य हो,' उनले भने 'बसाइसराइका कारण बाँझिएका खेतीयोग्य जमिनलाई पुनःप्रयोगमा ल्याउनका लागि आयोजनाले सहयोग पुगेको छ।'
कम्तीमा २० रोपनी क्षेत्रफलमा नयाँ बगँैचा स्थापना गरी फलफूलखेती विस्तार गर्न आयोजनाले न्यूनतम रु तीन लाख अनुदान उपलब्ध गराउने व्यवस्था छ। बिरुवा रोप्न खाडल खन्ने, मल, बिरुवा खरिद, सिँचाइ र कृषि आँैजारका सामग्री खरिद गर्न कूल लागतको ५० प्रतिशत अनुदान पाउनेछन्।
पहिलो चरणमा आयोजना लागू भएको जलजला गाउँपालिकाका २९ वटा फर्म र समूहले सुन्तलाजात र ओखरखेती विस्तारसम्बन्धी कार्यक्रमका लागि अनुदान सम्झौता गरेका थिए । २० रोपनी क्षेत्रफल जमिनका दरले ११ वटा फर्मले सुन्तला र दुई वटाले कागतीको बगैँचा स्थापना गरेको जलजला गाउँपालिकाका उपाध्यक्ष दीपक आचार्यले जानकारी दिए।
'काम सम्पन्न गरेर भुक्तानीका लागि निवेदन पेस गरेका फर्मको आयोजनाको प्राविधिक टोलीसहित अनुगमन सकिएको छ,' उनले भने 'फलफूल बगैँचा स्थापनाका लागि बाँझिएको जग्गा प्रयोगमा आउनुका साथै बजार झरेका किसान गाउँ फर्किएर फलफूलखेतीमा लागेका छन्।'उपाध्यक्ष आचार्यका अनुसार बाँकी १६ फर्मले बगँैचा स्थापनाको तयारीमा छन् । जलजला गाउँपालिका–४ सिरानचौरमा १० वर्षदेखि बाँझिएको जमिनमा बनेको झाँडी फाडेर ओमनम् एग्रो फार्मका सञ्चालक जनक अधिकारी र प्रदीप खत्रीले चार सय ५० कागतिका बिरुवा रोपेर बगैँचा स्थापना गरेका छन।
'गाउँदेखि टाढा भएको र बाँदरले सताउन थालेपछि खेती गर्न छाडेपछि सिरानचौरको खेत झाडीमा परिणत भएको थियो,' उनले भने 'नाफा आयोजनाको सहयोगमा झाडी फाडेर अहिले कागतीको बिरुवा रोपेर हराभरा बनाएका छाँै।'
जलजला गाउँपालिका–५ लेकफाँटका दयाराम सापकोटा, मीनराज सापकोटा र सुरेश सापकोटाले धान खेतीको विकल्पमा २० रोपनी खेतमा सुन्तलाका बिरुवा रोपेका छन। मिलनचोक बजारमा बस्दै आएका दयाराम बगैँचा स्थापना गरेपछि गाउँ फर्किएका छन । धान, कोदो, मकैलगायत खाद्यबाली खेतीको तुलनामा कम लगानी र धेरै वर्षसम्म नगद आम्दानी हुने भएकाले सुन्तलाखेती गरेको जलजला गाउँपालिका–७ धाइरीङका तुलसी आचार्यले बताए।
अनुगमन टोलीसँग किसानले आयोजनाले अनुदान उपलब्ध गराउन ढिलाइ गर्दा समस्या भएको गुनासो गरेका थिए। गत असारमै बगैँचा स्थापना गरेपनि आयोजनाले भुक्तानीमा ढिलाइ गरेको सञ्जोग कृषि फार्म जलजला–५ रातमाटाका वेदनाथ सुवेदीले बताए। आयोजना प्रमुख काफ्लेले काम सम्पन्न गरेका फर्महरुको स्थलगत अनुगमन सकेपछि तत्कालै भुक्तानी दिने प्रतिबद्धता जनाए। रासस

# पर्सामा २१ हजार जनालाई हैजा विरुद्धको खोप लगाइयो

*जगरनाथपुरमा ३२ हजार ५३ जनामध्ये १ सय ७५ जनालाई, सखुवा प्रसौनीमा ३५ हजार १ सय ७९ जनामध्ये ४ हजार ९ सय ९९, वीरगंज महानगरपालिकामा दुई लाख ७५ हजार ६ सय ७३ जनामध्ये नौ हजार ५ सय १३, पोखरियामा ३७ हजार ८ सय ७४ जनामध्ये चार हजार ८ सय ७६ र धोबिनीमा २२ हजार ५ सय ४२ जनामध्ये दुई हजार ५ सय ३३ लाई हैजा विरुद्धको खोप लगाइएको हो ।*



**वीरगंज ।**
हैजा प्रभावित पर्सामा २१ हजारलाई खोप प्रदान गरिएको छ । जिल्लाका पाँच स्थानीय तहका नागरिकलाई खोप लगाइएको हो । वीरगंज महानगरपालिका, पोखरिया नगरपालिका, जगरनाथपुर गाउँपालिका, सखुवा प्रसौनी गाउँपालिका र धोबिनी गाउँपालिकामा हैजा विरुद्धको खोप अभियान सञ्चालन भइरहेको छ । स्वास्थ्य सेवा विभागअन्तर्गत बाल स्वास्थ्य तथा खोप शाखा प्रमुख डा अभियान गौतमले पर्सामा ६ लाख ५२ हजार लक्षित जनसंख्या रहेकामा २१ हजार १ सय ९६ जनालाई हैजा विरुद्धको खोप दिइएको जानकारी दिए ।

जगरनाथपुरमा ३२ हजार ५३ जनामध्ये १ सय ७५ जनालाई, सखुवा प्रसौनीमा ३५ हजार १ सय ७९ जनामध्ये ४ हजार ९ सय ९९, वीरगंज महानगरपालिकामा दुई लाख ७५ हजार ६ सय ७३ जनामध्ये नौ हजार ५ सय १३, पोखरियामा ३७ हजार ८ सय ७४ जनामध्ये चार हजार ८ सय ७६ र धोबिनीमा २२ हजार ५ सय ४२ जनामध्ये दुई हजार ५ सय ३३ लाई हैजा विरुद्धको खोप लगाइएको हो ।

पर्सामा आइतबार प्रमुख जिल्ला अधिकारी तोयानारायण सुवेदीलाई खोप लगाएर अभियान थालिएको हो । सरकारले हैजाको महामारीको उच्च जोखिमलाई ध्यानमा राखी पर्सा र बारामा हैजा विरुद्धको खोप अभियान सञ्चालन गरेको हो ।

भदौ ६ गते पर्साको वीरगंज महानगरपालिका–१२ मुरली टोलबाट देखिन शुरु गरेको हैजा रोगबाट हालसम्म पर्सा र बारामा गरी एक हजार ६ सय ८५ हैजाका बिरामी फेला परेका छन् ।

हैजा विरुद्धको खोप अभियानका लागि स्वास्थ्य सेवा विभागको व्यवस्थापन महाशाखाले १० लाख १८ हजार एक सय मात्रा खोप पर्सा र बारा पठाइसकेको छ । दुवै जिल्लामा चार लाख तीन हजार ३ सय २१ जनालाई खोप दिइनेछ ।

पर्साको १४ वटै स्थानीय तह र बाराका ६ स्थानीय तहमा अभियान सञ्चालन गरिनेछ । खोप शाखा प्रमुख डा गौतमले हालसम्म सबै जना खोप लिन इच्छुक रहेका जानकारी दिए ।

छिपहरमाइमा अभिमुखीकरण

पर्साको छिपहरमाई गाउँपालिकामा असोज २८ गते मंगलबारदेखि खोप अभियान सञ्चालन गर्न पूर्वतयारी अनुरुप प्रत्येक सरोकारवालालाई वडा र पालिकामा खोप समन्वय समिति, महिला स्वास्थ्य स्वयम्सेविका तथा स्वयम्सेवकको अभिमुखिकरण गरेर खोप कार्यकर्तालाई खोपसम्बन्धी जानकारी गराइएको छ ।

अभिमुखिकरणमा गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख शनि कुमार साहले मंगलबारदेखि सञ्चालन भइरहेको हैजा विरुद्धको खोप अभियान सफल बनाउन आग्रह गरे । एक वर्ष माथिका कोही नछुटुन् भन्दै गाउँघरमा सल्लाह सुझाव दिएर हैजा रोग विरुद्ध खोप अभियानमा सहभागी हुन उनले आग्रह गरे । कार्यक्रममा जनप्रतिनिधि, विद्यालयका प्रअ, स्वास्थ्यकर्मीलगायतको सहभागिता थियो ।



**चन्द्र नहरमा नयाँ पुलः** नेपालकै पुरानो सिँचाइ नहर रहेको चन्द्र नहर पुनर्निर्माण अन्तर्गत सप्तरीको कञ्चनरूप नगरपालिका–१० बदगामामा निर्माण गरिएको नयाँ पुल । तस्बिरः अरूणकुमार यादव

# यथास्थितिको चुनावले देशमा परिवर्तन आउँदैनः थापा

**मधेशदृष्टि**
**हेटौँडा ।**
राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) नेपालका अध्यक्ष कमल थापाले राज्य संरचना, शासकीय स्वरुप, निर्वाचन प्रणाली, संवैधानिक परिषद् र न्याय परिषद्सम्बन्धी व्यवस्था यथावत कायम हुने निर्वाचनको कुनै औचित्य नरहने बताएका छन् ।



राप्रपा नेपाल मकवानपुरद्वारा हेटौँडामा आयोजित अगुवा कार्यकर्ता भेलामा अध्यक्ष थापाले जेन्जी युवाको चाहनाअनुसार भ्रष्टाचार र कुशासन अन्त्य गर्ने वाचा गरेर प्रधानमन्त्रीको जिम्मेवारी लिएकी सुशीला कार्कीले यही निर्वाचन प्रणाली, संवैधानिक अंगमा नियुक्ति व्यवस्था, राज्य संरचना र शासकीय स्वरूप यथावत् कायम राखेर परिवर्तनको चाहना पूरा नहुने बताए ।

उनले भने, 'अहिलेकै निर्वाचन प्रणाली कायम राखेर हुने चुनावपछि राजनीतिक स्थिरता कायम हुनेछ भन्ने ग्यारेन्टी प्रधानमन्त्रीले दिन सक्नुहुन्छ ?'

उनले जेन्जी युवा पुस्ताको आन्दोलन सङ्गठित र संस्थागत नभएकाले उनीहरूले परिवर्तनको स्पष्ट खाका तयार नगरेको र भ्रष्टाचार तथा कुशासन अन्त्यको एकमात्र लक्ष्य रहेको बताए ।

उनले थपे, 'आन्दोलनका दौरान प्रदेश संरचनाको खारेजी, शासकीय स्वरूप परिवर्तन, हिन्दूराष्ट्र र संवैधानिक राजसंस्था स्थापनाका माग सडकमा उठे पनि तत्काल पूरा गर्न सम्भव पक्षमा समेत प्रधानमन्त्रीले सरोकारवालाको सर्वपक्षीय बैठकसमेत बोलाएर छलफल गर्नु भएन ।'

यथास्थितिमा निर्वाचन हुन्छ भनेर सरकारले दोहो¥याइरहेको बताउँदै उनले भने, 'कार्यपालिका, व्यवस्थापिका र न्यायपालिको भवन ध्वस्त हुनु लोकतन्त्रमाथि प्रहार हो ।' उनले सिंहदरबार, संसद भवन र सर्वोच्च अदालतको सुरक्षा हुन नसकेको अवस्थामा सर्वसाधारण जनता पनि असुरक्षित हुने र अन्तरिम सरकारले जनतालाई आश्वस्त पार्न सक्दैन कि भन्ने संशय उठेको बताए ।

उनले दलहरुप्रति कटाक्ष गर्दै भने, 'भदौ २४ गते मध्यरातमा जेन्जी युवा पुस्ताको आन्दोलनलाई देशीविदेशी शक्तिले 'हाइज्याक' गरे ।

'ठूलो जुक्ति लगाएर' व्यवस्था जोगाएको गर्व गर्दै गणतन्त्रका अवशेषहरूले भ्रष्ट व्यवस्थालाई निरन्तरता दिने घोषणा गरे अनि जनता र युवा पुस्ताको परिवर्तनको चाहनामाथि तुषारापात गरे ।' उनले सडकबाटै सरकार मात्र होइन व्यवस्था नै परिवर्तन गर्न उदत रहेका दलहरु अहिले निर्वाचनको विरोध गरिरहेका बताउँदै भने, 'संविधानको दुहाइ दिएर भ्रष्ट व्यवस्थालाई निरन्तरता दिन खोजिरहेका छन्, आगामी निर्वाचनमा कांग्रेस र कम्युनिष्टलाई कुनै पनि हालतमा जनताले भोट दिने छैनन् ।'

उनले अहिले देशमा देखिएको संकट र जनआक्रोशको मूल कारण संघीयता र धर्मनिरपेक्ष गणतन्त्रको असफलता भएको बताए । मुलुकमा विद्यमान विषम परिस्थितिमा राष्ट्रको सुरक्षा तथा राप्रपा नेपालले अवलम्बन गरेको हिन्दूराष्ट्र राजसंस्था र सुशासनको एजेन्डा रक्षाका निमित्त सम्पूर्ण राष्ट्रवादी शक्ति एक ठाउँमा उभिनु जरुरी रहेको बताए ।

कार्यक्रममा राप्रपा नेपालका महामन्त्री राजाराम बर्तौला, मकवानपुर अध्यक्ष गुरु सापकोटा, मन डिसी, दिलबहादुर बल, रमेश चौलागाईं, भृगु कार्कीलगायतले मन्तव्य राखेका थिए ।

# फुटयो जनमत, एक्लिँदै राउत



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
आइतबार जनमत पार्टीबाट विभाजन भएर गठन गरिएको जनस्वराज पार्टीलाई निर्वाचन आयोगले मान्यता नदिओस् भनेर निकै प्रयास गरेका जनमत पार्टीका अध्यक्ष डा.सिके राउतको प्रयास अन्ततः असफल भएको छ । पार्टीका कार्यकारणी समिति विभाजन गरेर नयाँ दल दर्ता गराइएको छ ।

दीपक साह संयोजक रहेको नयाँ पार्टीको दर्ता पूर्वसनातखतको सबै काम सकिएको छ । दल दर्ताको लागि आइतबार नै पार्टीका संयोजक साहसहितले निवेदन दर्ता गराएका थिए । सोमबार दिनभर नै सनाखतसहितको कार्य सम्पन्न भएर दल दर्ताको प्रमाणा पत्र मंगलबार दिइने निर्वाचन आयोगले जानकारी दिएको नयाँ पार्टीका संयोजक साहले जानकारी दिए ।

मंगलबार मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले विश्वासको मत लिने तयारी गरिरहेको अवस्थामा उनीहरुले २० प्रतिशत कार्यकारणी समितिको हस्ताक्षरसहित निर्वाचन आयोगमा पार्टी विभाजन गरेर दल दर्ताको लागि निवेदन दिएका थिए । सोमबार बिहान जनमत पार्टीका अध्यक्ष राउतलाई समेत निर्वाचन आयोगले बोलाएर उनको तर्क बुझेको छ ।

संयोजक साहले सबै प्रक्रिया पूरा गर्दा अबेर भएकाले मंगलबार प्रमाण पत्र दिने जानकारी दिए । साह नेतृत्वको नयाँ पार्टीमा जनमत पार्टीका १५ जना कार्यकारिणी समिति सदस्य लागेको बताइएको छ ।

'५२ कार्यकारिणी रहेको जनमतबाट १५ जना अलग भएर नयाँ राजनीतिक पार्टी दर्ता प्रक्रिया अगाडि बढाइएको छ,' एक नेताले भने, 'निवेदन दिएका छौँ । बाँकी प्रक्रियामा काम भइरहेको छ ।'

नयाँ पार्टीमा ई सुरेन्द्र नारायण यादव, हेमलता रजक, शम्भुनाथ साहलगायतका नेता लागेका छन् । जनमत पार्टीका अध्यक्ष राउतले नेताहरुलाई अनेक आरोप लगाएर पार्टीबाट स्पष्टिकरण सोध्ने र निकाला गर्दै आएका थिए । निलम्बन र बर्खास्तमा परेकाहरु संगठित भएर नयाँ दल खोलेका हुन् ।

# पूर्वसभामुख महराविरुद्ध अदालतमा मुद्दा दायर

**काठमाडौँ ।**
सुन तस्करी प्रकरणमा संलग्न रहेको आरोपमा पूर्वसभामुख कृष्णबहादुर महराविरुद्ध जिल्ला सरकारी वकिलको कार्यालय काठमाडौंले अदालतमा मुद्दा दायर गरेको छ । कार्यालयका प्रमुख रामहरि काफ्लेले महराविरुद्ध मुद्दा दर्ता भएको पुष्टि गर्दै उनलाई सुन तस्करी प्रकरणमा संलग्न भएको अभियोगमा कारबाही अघि बढाइएको जानकारी दिए । महरामाथि संगठित सुन तस्करी र अवैध कारोबारमा संलग्न भएको आरोप लगाइएको छ । सरकारी वकिलको कार्यालयले उनको विरुद्ध ८ करोड ५५ लाख २८ हजार ३ सय ७४ रुपैयाँ बिगो असुलसहित तीन वर्षभन्दा बढी कैद सजायको मागदाबी गरेको छ । यसअघि अनुसन्धानका क्रममा महरालाई पक्राउ गरिएको थियो । सुन तस्करी प्रकरणमा उनको संलग्नता देखिएपछि मुद्दा दायर गरी न्यायिक प्रक्रिया अघि बढाइएको हो ।

# समाजवादीको स्थायी कमिटी बैठक बस्दै

**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) को स्थायी कमिटी बैठक बुधबार बस्ने भएको छ ।

पार्टीको केन्द्रीय प्रचार विभाग उपप्रमुख दामोदर अर्यालले पछिल्लो राजनीतिक अवस्था, समान विचारधारा भएका विभिन्न दलहरूसँगको एकतालगायत विषयमा छलफल गर्न बैठक बोलाइएको जानकारी दिए ।

बैठकमा पार्टीको साङ्गठनिक प्रतिवेदन, कार्यदिशा र आन्तरिक विवाद समाधानका प्रस्तावमाथि छलफल गरी अनुमोदन गरिने उनले बताए ।

साथै, यही असोज ३१ गते गर्न बस्न लागेको पार्टी केन्द्रीय समितिको भर्चुअल बैठकको कार्यसूची तयार गरिने जनाइएको छ ।

# अन्तर्राष्टिय, क्षेत्रीय र राष्ट्रिय सुरक्षा अवस्थाबारे समीक्षा

**काठमाडौँ ।**
प्रधानमन्त्री एवम् राष्ट्रिय सुरक्षा परिषद्का अध्यक्ष सुशीला कार्कीको अध्यक्षतामा सोमवार परिषद्को बैठक बसेको छ । सिंहदरबारस्थित सचिवालयमा बसेको परिषद्को ४० औँ बैठकमा हालको वर्तमान अन्तरराष्ट्रिय, क्षेत्रीय र राष्ट्रिय सुरक्षाका समसामयिक विषयमा समीक्षा गरिएको रक्षा मन्त्रालयका सचिव एवम् परिषद्का सदस्य–सचिव सुमनराज अर्यालले प्रेस विज्ञप्तिमार्फत जानकारी दिएका छन ।

बैठकमा गृहमन्त्री ओमप्रकाश अर्याल, ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री कुलमान घिसिङ, नेपाल सरकारका मुख्यसचिव एकनारायण अर्याल, प्रधानसेनापति अशोकराज सिग्देल सहभागी थिए ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन